"सुखी समृद्ध, सुसंस्कृत शहर, समुन्नत रामपुर, हाम्रो रहर"

रामपुर नगरपालिकाको उन्नाइसौं नगर सभाबाट पारित

वार्षिक नगर विकास योजना

आ.व. २०८३/८४

रामपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रामपुर, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

"सुखी समृद्ध, सुसंस्कृत शहर, समुन्नत रामपुर, हाम्रो रहर"

रामपुर नगरपालिकाको
वार्षिक नगर विकास योजना
आ.व. २०८३/८४

१९ औं नगर सभाबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य, आर्थिक ऐन, विनियोजित ऐन, बजेट तथा कार्यक्रम विवरण

रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्थापनाः २०७३

संरक्षक

नगर प्रमुखः- रमण बहादुर थापा

नगर उपप्रमुखः- बाल कुमारी थापा

नगर प्रवक्ताः- कपिल बहादुर खाँण

प्रधान सम्पादकः

प्रमुख प्रशासकीय अधिकृतः- सुर्य दर्शन पण्डित

सम्पादन मण्डलः

प्रशासन शाखा प्रमुखः- युवराज पन्थी

योजना शाखा प्रमुखः- विक्रम बस्नेत

लेखा अधिकृतः- हृदयेश पन्थी

सहायक कम्प्यूटर अपरेटरः- अमृत राना

प्रकाशनः- रामपुर नगरपालिका

सर्वाधिकारः- @ प्रकाशक

मितिः- २०८३

Website:- www.rampurmun.gov.np

Email:- rampurmunicipality@gmail.com


कुवाकोट
गा.वि.स
चापाकोट
गा.वि.स
रत्नपुर
गा.वि.स
सेस्वाम
गा.वि.स
साख्खर
गा.वि.स
गजरकोट
गा.वि.स
गेझा
१०
खालीवन
८
रामपुर
९
दर्छा
गाडाकोट
विरकोट
गा.वि.स
रिङ्नेरह
गा.वि.स
सिलुवा
गा.वि.स
गल्था
गा.वि.स
झिरूवास
गा.वि.स
सहलकोट
गा.वि.स
बाकामलाङ
गा.वि.स
N
0 1 2 3 km

नगर प्रमुखको तर्फबाट

नेपालको संवैधानिक व्यवस्था अनुरुप स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रनिधिहरुको नेतृत्वमा हाम्रो नगरपालिकाले आफ्ना लक्ष्य, योजना र कार्यक्रमलाई नीति तथा कार्यक्रम र बजेट मार्फत कार्यन्वयन गर्ने निर्णय गरेको विषयलाई यस वार्षिक योजना पुस्तक मार्फत सार्वजनिक गरिएको छ।

शहिदहरुको वलिदानले प्राप्त भएको संघीय गणतान्त्रिक नेपालको संविधान बमोजिम स्थानीय तहको निर्वाचन भई यस रामपुर नगरपालिकाको उन्नाइसौं नगर सभा सुसम्पन्न गर्ने सम्मको यात्रा सम्पन्न गरिएको छ । जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट नगरवासीले खोजेको सेवा, चाहेको विकास, परिकल्पना गरेको समाज निर्माणको लागि रामपुर नगरपालिकाको सिमित स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै सभ्यता र समृद्धि तर्फ अघि बढ्ने आधार तयार भएको छ । गणतान्त्रिक शासन व्यवस्थामा समानुपातिक समावेशी र न्यायोचित वितरण गरी दिगो विकासका अवधारणा अनुरूप जनताको नजिकमा रहेको सरकार स्थानीय तहबाटै सुदृढिकरण हुन जरुरी हुन्छ।

नगर सभाबाट पारित नीति तथा कार्यक्रम, योजनामा विनियोजित बजेट र आर्थिक ऐनलाई सबैको स्वामित्व र अपनत्व हुने गरी पारदर्शिता र जवाफदेहिता बनाउने अभिप्रायले प्रायजसो विषयलाई समेटिएको यस आ.व. २०८३।०८४ मा गरिने समग्र कार्यलाई समेटेर नगरपालिकाको **वार्षिक नगर विकास योजना (बजेट पुस्तिका)** प्रकाशन गरिएको छ । पूर्वाधार निर्माण, गुणस्तरीय शिक्षा, कृषि प्रविधिको प्रयोग तथा स्वास्थमा सहज पहुँच होस् भन्ने विषय यस वार्षिक विकास योजनाको प्रमुख लक्ष्य छ । नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट पूर्वाधार विकास र कृषिमा गरिएको आधुनिकीकरण र व्यवसायिकरणबाट स्वरोजगारका आधारशिला निर्माण भई युवाहरूबाट कृषि तथा पशुपालन तर्फ लगानी गर्ने, गुणस्तरीय शिक्षा नगरपालिका भित्रै हासिल गर्ने अवसर जस्ता उपलब्धीलाई सुक्ष्म रूपमा अध्ययन गरी वार्षिक विकास योजना निर्माण गरिएको छ।

योजना छनौट, योजना प्राथमिकिकरण, विभिन्न छलफल बैठक, अभिलेखिकरण गरी यो वार्षिक विकास योजना विगतका अंकहरू भन्दा अझ प्रभावकारी तवरले अगाडि बढ्दै थप नतिजा ल्याउनको लागि प्रेरित गरिरहनेछ । यस शुभ अवसरमा आम रामपुरवासी, जनप्रतिनिधि, राजनीतिकर्मी, नागरिक समाज, सञ्चारकर्मी र नगरपालिकाका कर्मचारीहरू प्रति आभार प्रकट गर्दै प्रकाशन समूहमा सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

रमण बहादुर थापा

नगर प्रमुख

उपप्रमुखको तर्फबाट

रामपुर नगरपालिकाले उन्नाइसौं नगरसभा मार्फत आ.व. २०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पारित गरेको छ । वडास्तरबाट विभिन्न चरणहरू पार गर्दै हामी नगरसभा सम्म पुगेका छौं। वार्षिक आर्थिक ऐन मार्फत समृद्ध नगर निर्माणको लागि करका दायराहरूलाई थप व्यवस्थित र चलायमान बनाई नगरपालिकाको आन्तरिक आयमा जोड दिइएको छ ।

जनताको प्रत्यक्ष सहभागिता तथा जननिर्वाचित पदाधिकारीहरुको अगुवाईमा तर्जुमा गरिएको यस वार्षिक नीति, कार्यक्रम तथा बजेटले नागरिकको विकासको चहनालाई सम्बोधन गर्ने तथा विकासको दृष्टिले अधिक सम्भावना भएको यस नगरपालिकाको विकास र समृद्धिमा महत्वपूर्ण सावित हुने विश्वास लिएको छु। पूर्वाधार क्षेत्रको सुधार गर्नु पर्ने अवस्थामै रहेको नगरपालिका भएकाले नगरको द्रुत विकासको लागि योजना छनौट गर्न संख्यात्मक भन्दा दिगो विकासमा योगदान पुयाउन राम्रो योजना छनौटमा जोड दिइएको छ । नगरसभाबाट पारित भएका नीति, योजना तथा कार्यक्रहरूलाई समेटी रामपुर नगरपालिकाले नगर वार्षिक विकास योजना पुस्तक प्रकाशन गरेको छ । नगरपालिकाले आगामी आर्थिक वर्षमा लिने विभिन्न क्षेत्रगत नीति, योजना तथा कार्यक्रम आर्थिक ऐन २०८३, विनियोजन ऐन २०८३, नगरपालिकाको गत आ.व.को यथार्थ विवरण, चालु आ.व.को संशोधित अनुमान तथा आ.व. २०८३/८४ को अनुमानित आय व्यय विवरण, साथै नगरपलिकाको संक्षिप्त जानकारी दिने अभिप्रायले यो पुस्तक प्रकाशन गरिएको छ । नगर सभाले स्वीकृत गरेका योजना तथा कार्यक्रमलाई २०८३ श्रावणदेखि थप व्यवस्थित तवरले कार्यान्वयनमा लगिने छ ।

अन्त्यमा उन्नाइसौं नगरसभालाई मर्यादित र व्यवस्थित रुपमा सम्पन्न गर्न सहयोग गर्नु हुने आदरणीय नगर प्रमुखज्यू, वडाध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू, अन्य नगरवासी दाजुभाई तथा दिदीबहिनीहरू, रामपुरमा क्रियाशिल राजनैतिक दलका आदरणीय अग्रजहरू, राष्ट्रसेवक कर्मचारी वर्ग प्रति आभार प्रकट गर्दै आगामी दिनमा छिटो छरितो एवं पारदर्शी रुपमा योजना कार्यान्वयन देखि नगरपालिकाको दिगो विकासको लागि सबैको सकारात्मक साथ सहयोगको अपेक्षा गरेको छु ।

बाल कुमारी थापा
नगर उपप्रमुख

प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट

संघीय लोकतान्त्रिक गणतान्त्रात्मक नेपालको संविधान बमोजिम गठित स्थानीय तह यस नगरपालिकाको उन्नाईसौ नगर सभा विभिन्न छलफल, गोष्ठी, विषयगत समितिहरुको निर्णय, वडागत छलफल आदि कार्यहरु गर्दै २०८३/०३/१० गते सम्पन्न गरियो। यस प्रक्रियामा नेपाल सरकारको नीति, नियम र निर्देशन तथा नगरपालिकाले बेलाबेलामा गरेको निर्णय तथा दृष्टिगत गरेका लक्ष्यहरुलाई समेट्ने प्रयासको फलस्वरुप यस पुस्तक प्रकाशनको चरणमा आई पुगेको हो ।

नयाँ परिवेश, नौलो अभ्यास तथा पुरानो अनुभवको बाबजुद नेपाल सरकारले गरेको परिपत्र, नमूना कानून, पुरानो अभ्यास र अनुभवहरु सँगाल्दै योजना तर्जुमा गरी आ.व.२०८३।०८४ मा गरिने आवधिक तथा बहुवर्षिय योजनाहरुलाई प्राथमिकता साथ छनौट गरिएको छ । यस नगरसभाले रणनीतिक तथा गौरवका योजनाहरु पनि छनौट गरेको छ । यस नगरको सर्वांगिण विकास, शिक्षा, कृषि, स्वास्थ र पूर्वाधार मुलनारा दिई रोजगारीका कार्यक्रमहरु, पर्यटन विकास तथा आगन्तुकलाई आकर्षित गर्ने खालका योजनाहरु समावेश गरिएकोले यस नगरपालिकाको सुन्दर तथा सुरक्षित भविष्यको कल्पना गर्न हामी सफल भएका छौं । प्राकृतिक, पर्यावरणीय, पर्यटकीय, वैदिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक आदि हरेक पक्ष र दृष्टिकोणले अत्यन्तै पवित्र स्थलका रूपमा परिचित रामपुर नगरपालिका सुन्दर र शान्त रहेको छ। विकासको प्रचुर सम्भावना बोकेका क्षेत्रको समग्र विकासको लागि योजना निर्माण गरी तयार गरिएको छ। कृषिमा आधुनिकिकरण गर्दै, रामपुर क्षेत्रको ऐतिहासिक महत्वलाई प्रचार प्रचार गरी पर्यटकीय क्षेत्रको सुधार गरी पर्यटन क्षेत्रको विकास गरी आर्थिक विकास गर्ने योजनालाई प्राथमिकता दिइएको छ।

सभ्य र समृद्ध रामपुरको सार भनेकै यहाँ हुने समग्र खालका विकासको दिगो आधार नै हो यस समृद्धीको सहयात्रामा सहभागी हुने क्रममा चालु आर्थिक वर्षको यो रामपुर वार्षिक योजनाको तयारी, निर्माण तथा प्रकाशनमा अहोरात्र खटिने नगर प्रमुख, नगर उपप्रमुख, सम्पुर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु तथा नगरवासी महानुभावहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

सुर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

रामपुर नगरपालिकाको परिचय

लुम्बिनी प्रदेशको पाल्पा जिल्लामा अवस्थित रामपुर नगरपालिका २७ डिग्री ३३ मिनेट देखि २७ डिग्री ५३ मिनेट उत्तरी अक्षांश र ८३ डिग्री ४६ मिनेट देखि ८३ डिग्री ५४ मिनेट पूर्वी देशान्तरमा रहेको छ । समुन्द्री सतहबाट ३५० मिटरदेखि ११०० मिटर उचाइमा रहेको यस नगरपालिकाले १२३.३४ वर्ग कि.मि. क्षेत्र ओगटेको छ । पूर्वमा निस्दी गाउँपालिका, पश्चिममा रम्भा गाउँपालिका उत्तरमा काली नदी पारी स्याङ्गजाको चापाकोट नगरपालिका, तनहूँको घिरिङ गाउँपालिका र दक्षिणमा पाल्पा जिल्लाको निस्दी गाउँपालिका र पूर्वखोला गाउँपालिका सिमानामा रहेका छन् । यो नगरपालिका पाल्पाको तानसेनबाट ६५ कि.मि र काठमाडौँबाट २५० कि.मि टाढा पर्दछ ।

रामपुर नगरपालिकाको उचाइ उत्तरबाट दक्षिणतर्फ क्रमशः बढ्दै गएको छ र यस नगरपालिकाको कुल परिधि ८६.२ कि.मि रहेको छ । भू-धरातलीय हिसाबले बेंसी क्षेत्र जो सदावहार निर्मल, स्वच्छ एवं धार्मिक हिसाबले पवित्र काली नदीको तटमा रहेको छ । यहाँ कृषि योग्य जमिनको प्रचूरता रहेको छ । पालिकाको दक्षिणी भाग पहाडी क्षेत्रमा पर्दछ र सिँचाई अभावका कारण खाद्यान्न बाली भन्दा अरु नगदे बालीका लागि बढी उपयुक्त छ । भू-उपयोगका हिसाबले यस नगरपालिकाको अधिकांश क्षेत्र (५४.४९ प्रतिशत) कृषि क्षेत्रले ढाकेको छ भने ३८.७६ प्रतिशत वन क्षेत्रमा पर्दछ । यो नगरपालिकामा प्राकृतिक शौन्दर्यता, नदीनाला, वनजंगल र धार्मिक आस्थाका रमणीय र पर्यटकीय स्थलहरूले भरिएको नगरपालिका हो । त्रेता युगमा मर्यादा पुरुषोत्तम श्रीरामले मन पराएर बास गरेको भन्ने मान्यता रहेकोले यस स्थानको नाम रामपुर नामाकरण रहेको विश्वास गरिएको छ । परापूर्व कालमा नुन, उन र सुनको व्यापारको पैदल मार्ग बनेको रामपुर अहिलेको औद्योगिक तथा व्यापारीक केन्द्रको सम्भाव्य क्षेत्रको रुपमा रहेको छ ।

रामपुर नगरपालिका नेपाल सरकारले २०७१ बैशाख २५ गते घोषणा गरेको ७२ नगरपालिका मध्येको एक हो । वि.सं. २०७१ साल जेष्ठ ४ गतेबाट सञ्चालनमा आएको यस नगरपालिकाको २०७१ साल जेष्ठ १७ गते विधिवत उद्घाटन भएको हो । साविकका गाडाकोट, दर्छा, रामपुर, खालिवन र गेझा गा.वि.स. समेटेर नगरपालिका घोषणा भएको हो । वि.सं. २०७८ को जनगणना अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या ४०,८८३, कुल घरधुरी सङ्ख्या ११,३६३ रहेका छन्। जसमा महिलाहरूको सङ्ख्या १८,४९७ (४५.२%) र पुरुषहरूको सङ्ख्या २२,३८६ (५४.८%) रहेको पाइन्छ । जस मध्ये लैङ्गिक अनुपात ८२.६३ (पुरुष प्रति १०० महिला) रहेको छ । नगरपालिकाको कुल जनघनत्व ३३१ प्रति वर्ग कि.मि. र कुल साक्षरता दर ८४.९% रहेको छ ।

वडा वर्गिकरण र क्षेत्रफल

वडा नम्बर	समावेश भएका साविकका गा.वि.स.	साविकका वडा नम्बर	क्षेत्रफल (वर्ग कि.मि.)
१	गाँडाकोट	१ ,२,५,६,७,८,९	१८
२	गाँडाकोट	३,४	१२.२७
३	दर्छा	१,२,४,५,६	१६.५६
४	दर्छा	३,७,८,९	९.५८
५	रामपुर	३,४	६.९४
६	रामपुर	१,६,७,८	८.१
७	रामपुर	२,५,९	६.८३
८	खालिवन, गेझा	१,२,३,४,६ र गेझा १	१४.८८
९	खालिवन	५,७,८,९	१२.३२
१०	गेझा	२,३,४,५,६,७,८,९	१७.९६

स्रोतः- जनगणना २०७८

वडागत तथा लैङ्गिक अनुसारको जनसंख्या विवरण

वडा नं.	पुरुष		महिला		जम्मा	घरधुरी संख्या
	संख्या	प्रतिशत	संख्या	प्रतिशत		
१	१०९१	४४.७३	१३४८	५५.२७	२४३९	७०७
२	८२४	४४.८१	१०१५	५५.१९	१८३९	४७८
३	१५७८	४४.९३	१९३४	५५.०७	३५१२	९९७
४	२२४०	४४.७८	२७६२	५५.२२	५००२	१३५७
५	४४७६	४५.७७	५३०४	५४.२३	९७८०	२८८८
६	१८८७	४५.१०	२२९७	५४.९०	४१८४	११५२
७	१७९७	४७.०२	२०२५	५२.९८	३८२२	१०६४
८	१७२३	४५.५६	२०५९	५४.४४	३७८२	९८७
९	८८२	४३.३८	११५१	५६.६२	२०३३	५४०
१०	१९९९	४४.५२	२४९१	५५.४८	४४९०	११९३
जम्मा	**१८४९७**	**४५.२४**	**२२३८६**	**५४.७६**	**४०८८३**	**११३६३**

जातजाति अनुसारको जनसंख्या विवरण

क्र.सं.	जातजाति	पुरुष	महिला	जनसंख्या	प्रतिशत
१	मगर	५५२१	७०१३	१२५३४	३०.७०
२	ब्राह्मण - पहाड	४३२०	४९४४	९२६४	२२.७०
३	विश्वकर्मा	१४१५	१८८३	३२९८	८.१०
४	नेवाः (नेवार)	१४०५	१५६९	२९७४	७.३०
५	ठकुरी	१२१३	१५४३	२७५६	६.७०
६	क्षेत्री	१०६०	१२२७	२२८७	५.६०
७	कुमाल	१००४	१२२२	२२२६	५.४०
८	मिजार	६९५	९४०	१६३५	४.००
९	परियार	४५७	६३९	१०९६	२.७०
१०	घर्ती/भुजेल	४१४	५०३	९१७	२.२०
११	अन्य	९९३	९०३	१८९६	४.६०
जम्मा		**१८४९७**	**२२३८६**	**४०८८३**	**१००.००**

स्रोतः- जनगणना २०७८

धर्म अनुसारको जनसंख्या विवरण

क्र.सं.	धर्म	पुरुष	महिला	जम्मा	प्रतिशत
१	हिन्दु	१७५७६	२१३४६	३८९२२	९५.२०
२	इस्लाम	४३५	३९५	८३०	२.०३
३	बौद्ध	२४३	३२९	५७२	१.४०
४	प्रकृति	१४१	१६६	३०७	०.७५
५	क्रिश्चियन	९७	१४८	२४५	०.६०
६	किराँत	२	१	३	०.०१
७	बोन	३	१	४	०.०१
जम्मा		१८४९७	२२३८६	४०८८३	१००.००

स्रोतः- जनगणना २०७८

मातृभाषाको अनुसार जनसंख्या विवरण

क्र.सं.	मातृभाषा	पुरुष	महिला	जम्मा	प्रतिशत
१	नेपाली	१३९५०	१६७१४	३०६६४	७५.००
२	मगर ढुट	३५८४	४७२१	८३०५	२०.३१
३	नेपालभाषा (नेवारी)	४३२	५२७	९५९	२.३५
४	भोजपुरी	२०२	१४२	३४४	०.८४
५	थारु	१३३	७६	२०९	०.५१
६	कुमाल	६१	७०	१३१	०.३२
७	दरई	५०	४४	९४	०.२३
८	उर्दु	४२	४५	८७	०.२१
९	अन्य	४३	४७	९०	०.२२
जम्मा		१८४९७	२२३८६	४०८८३	१००.००

स्रोतः- जनगणना २०७८

साक्षरता प्रतिशत विवरण

विवरण	पुरुष	महिला	जम्मा
प्रतिशत	९१.०%	७९.९%	८४.९%

स्रोतः- जनगणना २०७८

उमेरगत अनुसारको जनसंख्या विवरण

क्र.सं.	उमेर	पुरुष	महिला	जम्मा
१	९५ माथि	७	९	१६
२	९०-९४	१६	२७	४३
३	८५-८९	४३	६५	१०८
४	८०-८४	१३४	१२६	२६०
५	७५-७९	२३६	३१६	५५२
६	७०-७४	३४८	४५९	८०७
७	६५-६९	५३८	६३७	११७५
८	६०-६४	६८९	७९६	१४८५
९	५५-५९	७३१	८८८	१६१९
१०	५०-५४	९७०	११३०	२१००
११	४५-४९	९२४	११७७	२१०१
१२	४०-४४	९३४	१४२०	२३५४
१३	३५-३९	११०५	१६५९	२७६४
१४	३०-३४	११२८	१९६८	३०९६
१५	२५-२९	१२८८	२२२६	३५१४
१६	२०-२४	१४५६	२११५	३५७१
१७	१५-१९	२०६९	२१६१	४२३०
१८	१०-१४	२०६१	१९२१	३९८२
१९	०५-०९	२०९०	१८६५	३९५५
२०	००-०४	१७३०	१४२१	३१५१
जम्मा		१८४९७	२२३८६	४०८८३

स्रोतः- जनगणना २०७८

नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरुको विवरण

वडा नं.	स्वास्थ्य चौकी	आधारभूत स्वास्थ्य केन्द्र	शहरी स्वास्थ्य केन्द्र	आयुर्वेद औषधालय	जम्मा
१	१	०	१	१	३
२	०	१	१	०	२
३	१	०	२	०	३
४	०	१	१	०	२
५	०	०	०	१	१
६	०	१	०	०	१
७	०	१	०	०	१
८	१	०	१	०	२
९	०	१	०	०	१
१०	१	०	१	०	२
जम्मा	४	५	७	२	१८

स्रोतः- कार्यालयको अभिलेख

रामपुर नगरपालिकाको वडागत विद्यालय विवरण

वडा नं.	सामुदायिक विद्यालय					संस्थागत विद्यालय					कुल जम्मा विद्यालय				
	प्रा.वि.	नि.मा.वि.	मा.वि.	उ.मा.वि.	जम्मा	प्रा.वि.	नि.मा.वि.	मा.वि.	उ.मा.वि.	जम्मा	प्रा.वि.	नि.मा.वि.	मा.वि.	उ.मा.वि.	जम्मा
१	६	२	१	०	९	०	०	०	०	०	६	२	१	०	९
२	२	०	२	०	४	०	०	०	०	०	२	०	२	०	४
३	३	१	१	१	६	०	०	१	०	१	३	१	२	१	७
४	२	१	२	०	५	०	०	०	०	०	२	१	२	०	५
५	१	१	०	१	३	०	०	०	२	२	१	१	०	३	५
६	०	०	१	१	२	०	१	०	०	१	०	१	१	१	३
७	३	०	०	१	४	०	०	०	१	१	३	०	०	२	५
८	४	१	०	१	६	०	०	०	०	०	४	१	०	१	६
९	३	०	१	१	५	१	०	०	०	१	४	०	१	१	६
१०	५	०	०	२	७	०	१	०	०	१	५	१	०	२	८
कुल जम्मा	**२९**	**६**	**८**	**९**	**५२**	**१**	**२**	**१**	**३**	**७**	**३०**	**८**	**९**	**१२**	**५८**

स्रोतः- कार्यालयको अभिलेख

रामपुर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, २०८३/८४

नगर उपप्रमुख

नगर सभाका सदस्यज्यूहरू,

१. सर्वप्रथम म यस गरिमामय नगरसभामा उपस्थित सदस्य महानुभावहरू तथा कर्मचारीप्रति हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु।

२. यस ऐतिहासिक अवसरमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र नवयुवा पुस्ताले गरेको आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै ती आन्दोलनहरूका क्रममा घाइते हुनुभएका तथा बेपत्ता हुनुभएका नागरिकहरूप्रति उच्च सम्मान एवम् शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

३. आर्थिक वर्ष ०८३/०८४ को नीति तथा कार्यक्रमको लक्ष्य "सुखी समृद्ध, सुसंस्कृत शहर, समुन्नत रामपुर, हाम्रो रहर" रहेको छ । नगरबासीको सर्वाङ्गीण विकाससँगै समृद्धि सूशासन सेवा प्रवाहका साथ तिव्र विकासको अपेक्षालाई उपलब्ध स्रोतसाधनको समुचित प्रयोग गर्दै नगरबासीको आंकक्षा पूरा गर्न दृढ संकल्पित रहेको कुरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु ।

उपस्थित नगर सभा सदस्यज्यूहरू,

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु। यी नीति तथा कार्यक्रमहरू नगरवासीको आवश्यकता, अपेक्षा तथा समृद्ध रामपुर निर्माण सँगै "सुखी समृद्ध, सुसंस्कृत शहर, समुन्नत रामपुर, हाम्रो रहर" दीर्घकालीन सोचलाई केन्द्रमा राखी तर्जुमा गरिएका छन्। यसका साथै यस आर्थिक वर्षको नीति तथा कार्यक्रम दिगो विकास, सुशासन, पूर्वाधार विकास, आर्थिक समृद्धि, हरीयाली प्रर्वद्धन, उत्पादनमुखी उद्यमशील नगर, रोजगारी सिर्जना तथा गुणस्तरीय सेवा प्रवाह एवम् नवयुवापुस्ता आन्दोलनको मर्म र भावनालाई प्रमुख प्राथमिकतामा राखी तर्जुमा गरिएको यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

पूर्वाधार विकास तर्फ

आवास तथा सहरी विकास

४. भूउपयोग योजना अनुरुप बस्ती विकास गर्न नगरपालिकामा भूउपयोग क्षेत्र वर्गीकरण अन्तर्गत विभिन्न चरणमा आवास तथा बस्ती विकासका लागि स्थानहरु पहिचान गरिनेछ ।

५. भवन निर्माण इजाजत प्रक्रिया छिटो छरितो ढङ्गबाट सम्पादन गर्नका लागि अनलाईन नक्सा इजाजत प्रणाली Electronics Building Permit System (EBPS) सञ्चालनमा ल्याइनेछ।

६. सरकारी, सार्वजनिक जग्गाको तथ्याङ्क र अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाई सार्वजनिक सम्पत्तिको संरक्षण गरिनेछ ।

७. घर तथा भवन जस्ता संरचना निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गरी निर्माण गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ । नयाँ भवनको इजाजत प्रदान गर्दा उर्जा क्षमता तथा हरित भवन (Green Building) निर्माणका लागि प्रोत्साहन गरिनेछ। साथै नगरपालिका अन्तर्गत आफ्नो जग्गामा निर्माण भइसकेका घरहरुको अभिलेखीकरण प्रकृया नियमानुसार अगाडी बढाइनेछ।

८. भौतिक संरचना तथा निर्माणका कार्यहरु बालमैत्री, अपांगमैत्री, जेष्ठ नागरिकमैत्री, लैङ्गिकमैत्री र वातावरणमैत्री बनाइनेछ।

सडक तथा यातायात

९. नगर यातायात गुरुयोजनाका आधारमा सडकहरुको मार्गाधिकार)Right of Way) तथा नामकरण सहितको सडक प्रोफाइल तयार गरिनेछ।

१०. सडक सुरक्षाको लागि आवश्यक स्थानमा साइनेज, जेब्रा क्रसिङ, सेन्टर लाईन, रोडमार्किङ व्यवस्थापन गरी यसको प्रयोगका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

११. सडक बोर्ड नेपालको लागत साझेदारीमा सडक मर्मत कार्यलाई निरन्तरता दिइनेछ। साथै नियमित **मर्मत सम्भारः दिगो सडकको आधार** भन्ने मान्यतालाई कार्यान्वयनमा ल्याइनेछ।

१२. नगर भित्रका ठुला पूर्वाधार परियोजना निर्माण कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) साथै विस्तृत ईन्जिनियरङ्ग डिजाइन (DED) गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१३. सवारी पार्किङ्गलाई व्यवस्थित गर्न सम्भावित पार्किङ्ग क्षेत्र पहिचान तथा **निजी क्षेत्र सःशुल्क पार्किङ्ग** व्यवस्थालाई निरन्तरता दिइनेछ।

१४. सडक आयोजनालाई उत्पादन र आय आर्जनसँग आवद्ध स्थानीय सडक, सडक र कृषि सडकलाई स्तरोन्नती गरी कृषि उत्पादन वृद्धि र बजारीकरणमा सहजता बनाउन जोड दिइदै लगिनेछ।

खानेपानी तथा सरसफाई तर्फ

१५. एक घरः एक धाराको अभियानलाई पूरा गर्ने योजना सहितको खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयार गरी प्राथमिकताका आधारमा आयोजनाहरु छनौट गरी कार्यान्वयन गरिनेछ।

१६. Gravity Flow खानेपानी योजनालाई प्राथमिकतामा राखिनेछ भने यस प्रकार सम्भव नहुने ठाउँमा भौगोलिक अवस्थाको प्राविधिक र आर्थिक मूल्याङ्कन गरी लिफ्टिङ्ग वा अन्य माध्यमबाट स्वस्थ खानेपानी उपलब्ध गराइनेछ।

१७. रामपुर साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको क्षमता अभिवृद्धि तथा कार्य क्षेत्र विस्तारमा सहयोग गरी सुरक्षित र गुणस्तरीय खानेपानी सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउन पहल गरिनेछ । नगर क्षेत्र विभिन्नका खानेपानीको शुद्धता परीक्षण गरी नगरबासीको शुद्ध खानेपानीको हकलाई सुनिश्चितता गरिनेछ ।

१८. परम्परागत पानी पोखरी, ढुङ्गे धारा र मूलहरुको संरक्षण कार्यलाई निरन्तरता दिइनेछ।

१९. **"रामपुर नगर ढल रहित शहर"** लाई मूर्तरुप दिन सोहि बमोजिम भवन निर्माण लगायत विभिन्न संघ संस्था र समुदायको सहभागितामा अन्य सरसफाई कार्यक्रम सञ्चालन गरी नगरपालिकालाई पूर्ण सरसफाई युक्त नगर घोषणा गर्ने अभियान सञ्चालन गरिनेछ ।

२०. फोहोर व्यवस्थापनको लागि उचित स्थानको पहिचान गरी दीर्घकालीन रुपमा व्यवस्थापन गर्नुका साथै फोहोर उत्पादन कम गर्ने तथा पुनःप्रयोग गर्न जनचेतनामूलक कार्यक्रम तथा सरसफाई अभियान सञ्चालन गरिनेछ ।

२१. सफा रामपुर अभियान अन्तर्गत फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने र फोहोरको पुनःप्रयोग अवधारणा कार्यान्वयनका लागि टोल विकास संस्था र अन्य संघ संस्थाको समन्वय र सहकार्यमा अगाडि बढाइनेछ।

विद्युत तथा वैकल्पिक उर्जा तर्फ

२२. "उज्यालो शहर, रामपुर नगर" भन्ने भनाई आत्मसाथ गर्दै सडकबत्ती साझेदारी कार्यक्रम अन्तर्गत नगरपालिकालाई उज्यालो बनाउन सडकबत्ती जडान गरी बजारको सौन्दर्यीकरण गर्ने कार्य साझेदारी तथा सहकार्यमा अगाडि बढाईनेछ।

२३. उज्यालो र सुरक्षित सहर निर्माणको लागि नगरका विभिन्न स्थानमा हाइमास्ट लाइट, स्ट्रिट लाइट र सि.सि.क्यामेरा जडान कार्यलाई निरन्तरता दिइनेछ ।

२४. आवश्यक स्थानमा ट्रान्सफर्मरको क्षमता वृद्धि गर्न, ट्रान्सफर्मर जडान गर्न, विद्युत नपुगेका स्थानमा विद्युत सेवा विस्तार गर्न तथा विद्युत आपूर्ति नियमित गर्न बुटवल पावर कम्पनी तथा MCA नेपाल परियोजनासँग समन्वय तथा सहकार्य गरिनेछ।

२५. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, गैर सरकारी संस्थालगायत सरोकारवाला निकायसँग समन्वयमा कृषि तथा दैनिक उपभोग्य इन्धनको प्रयोगमा वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

२६. नगरपालिकाभित्र ऊर्जा पहुँच, ऊर्जा दक्षता तथा नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्न पालिका ऊर्जा योजनालाई चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ । सौर्य उर्जा, बायोग्यास, विद्युतीय चुल्हो, उर्जा-मैत्री प्रविधि र हरित उर्जामा आधारित कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गरी आवश्यक स्रोत-साधनको व्यवस्थापन, साझेदारी तथा लगानी अभिवृद्धि गरिनेछ।

आर्थिक विकास तर्फ

कृषि विकास

२७. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण तथा बजारीकरण मार्फत् तुलनात्मक लाभ एवम् प्रतिस्पर्धात्मक क्षमताका बालीवस्तुको उत्पादनमा वृद्धि गरी नगरपालिकालाई क्रमश आत्मनिर्भर गराउँदै लगिनेछ ।

२८. किसान सूचीकरण मार्फत् सम्पूर्ण कृषकहरुको तथ्याङ्क सङ्कलन सम्पन्न गरी **'कृषि तथा पशुजन्य वस्तुको उत्पादन, कृषकको पहिचान** 'भन्ने मूल नाराका साथ कृषकहरुको वर्गीकरण गरी कृषक पहिचानसहित परिचय पत्र वितरण गरिनेछ।

२९. "कृषिमा उत्पादकत्व वृद्धिः रामपुर नगरको समृद्धि "भन्ने नारालाई आत्मसात् गरी आधारभूत कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा, खाद्य सम्प्रभुता तथा पोषणको सुनिश्चितता गरिनेछ । नगरपालिकाको शित भण्डारण मार्फत कृषि उपजको भण्डारण गरी बेमौसममा बिक्री वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३०. नयाँ पुस्ताका युवाहरुलाई उत्पादन तथा आय आर्जनमा जोड्नका लागि युवा लक्षित कृषि कार्यक्रम मार्फत् युवालाई कृषिमा आकर्षित गर्न युवा स्वरोजगार कार्यक्रम मार्फत ब्याज अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१. फलफूल उत्पादनका कार्यक्रमलाई प्रोत्साहन गर्न कृषक समूह तथा कृषि सहकारीहरु मार्फत आँप, लिचि, कटहर, केराड्रया ,गन फल एभोकाडो ,बेल लगायतका फलफूलको बिरुवा उत्पादन गरी सामुहिक तथा निजी नमुना बगैचाको विकास गर्दै उत्पादन गरिएका फलफुलहरुको बजारीकरण गर्न आवश्यक पहल गरिनेछ ।

३२. स्थानीय उत्पादित कृषि उपजको व्यवस्थित बजारीकरणका लागि बनाइएको कृषि हाट बजार तथा संकलन केन्द्र सञ्चालनका लागि सार्वजनिक निजी साझेदारी (PPP) मा सञ्चालनमा ल्याइनेछ।

३३. **'स्वस्थ माटोको साथ, उत्पादन वृद्धिको सुरुवात'** भन्ने नाराका साथ माटोको उर्वराशक्तिमा सुधार गरी उपयुक्त खेती प्रवर्द्धन गर्न माटो परीक्षण गरी कृषि चुन लगायत अन्य आवश्यक पदार्थ वितरणलाई थप प्रभावकारी बनाइनेछ।

३४. रैथाने बालीहरूको संरक्षण, प्रवर्द्धन, उत्पादन विस्तार तथा बजारीकरणलाई गरिनेछ ।

३५. रसायनिक मलको विकल्पका रुपमा प्राङ्गारिक मल, हरियो मल, गडयौले मल, जैविक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

३६. कृषकहरुलाई रासायनिक मलखादको सहज पहुँचको लागि हरेक वडाहरुमा कृषि सहकारी मार्फत रासायनिक मल व्यवस्थित रुपमा बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

पशुपन्छी विकास तर्फ

३७. सम्भाव्य क्षेत्रलाई पकेट क्षेत्रका रुपमा विकास गरी तुलनात्मक रुपमा लाभ भएका पशुपालन व्यवसायको विस्तार गरिनेछ।

३८. दुध, अन्डा तथा मासुको उत्पादन र उपलब्धता बढाउन नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

३९. निस्दीखोला क्षेत्रमा मत्स्य उत्पादन, संरक्षण तथा व्यवसायीकरण प्रवर्द्धन गर्न माछा पकेट क्षेत्र घोषणा गरी आवश्यक पूर्वाधार, प्राविधिक सहयोग तथा बजार व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

४०. पशु स्वास्थ्य सेवालाई चुस्त दुरुस्त बनाउन नियमित पशु स्वास्थ्य जाँचको व्यवस्था गरिनेछ।

४१. पशुजन्य उत्पादनको लागत कम गर्न हिउँदे, बर्षे, बहुबर्षे र डाले घाँस खेती कार्यक्रमलाई विस्तार गरिनेछ ।

४२. खुल्ला तथा अनियन्त्रित रुपमा छाडिएका चौपायाको व्यवस्थापन गर्न नगर गौशालालाई अझै व्यवस्थित गराउँदै लगिनेछ ।

४३. युवा पलायनलाई निरुत्साहित गर्न युवालाई लक्षित गरी पशुपालन अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४४. पशुपन्छीमा लाग्ने विभिन्न किसिमका महामारी जन्य रोगहरु नियन्त्रण गर्नका लागि आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

४५. खोरेत तथा पशुपंछीमा लाग्ने अन्य रोगको नियन्त्रणको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी अभियानमुखी कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. कृषि उत्पादनलाई सुरक्षित, दिगो तथा वातावरणमैत्री बनाउने पशुजन्य मलमूत्रको वैज्ञानिक व्यवस्थापन, जैविक मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्दै आर्गानिक तरकारी खेती प्रवर्द्धनका लागि भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

सिँचाइ तर्फ

४७. कृषि पकेट क्षेत्रमा सिँचाइ सुनिश्चित गरी कृषि उत्पादनमा वृद्धि गरिनेछ। साथै सिँचाइका लागि पानी कम भएका स्थानमा प्लाष्टिक पोखरी, थोपा सिँचाइ, पानीको पुनः प्रयोग (करेसाबारीमा) जस्ता वैकल्पिक विधिको प्रयोग बढाइनेछ।

४८. सिँचाई पूर्वाधारको मर्मत सम्भार तथा व्यवस्थापनमा लाभका आधारमा उपभोक्तालाई नै जिम्मेवार बनाइनेछ।

४९. कृषि उत्पादनलाई अभिवृद्धि गर्न खेतीयोग्य जमिनमा वर्षैभरि सिँचाइ सुविधा विस्तार गर्न आवश्यक सिँचाइ कुलो, नहर तथा जलस्रोतमा आधारित सिँचाइ पूर्वाधारको निर्माण, मर्मत, संरक्षण र स्तरोन्नती गर्ने योजनालाई प्राथमिकता दिइनेछ।

पर्यटन तर्फ

५०. पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेका धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक स्थलहरु तथा मौलिक संस्कृति तथा परम्पराको पहिचानलाई पर्यटकीय उपजको रुपमा विकास गरिनेछ।

५१. गाउँमै पाहुनाः घरमै आम्दानी भन्ने अवधारणालाई आत्मासाथ गर्दै स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्यता, मौलिक संस्कृति, अर्गानिक तथा रैथाने खाना र कोशेली समेतको प्रवर्धन गरी होमस्टे सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

५२. कालीगण्डकी नदीको प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा आर्थिक महत्व संरक्षणका लागि नदी संरक्षण सम्बन्धी आवश्यक पहल गरिनेछ । साथै शालिग्राम र कालीगण्डकीको महिमा प्रवर्द्धन गर्न विभिन्न धार्मिक तथा पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दै कालीगण्डकी तटमा पैदलमार्ग तथा साइकलिङ करिडोर निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

५३. जेष्ठ नागरिकको सम्मान अनुभवको संरक्षण रामघाटको विकास आध्यात्मिक पर्यटनको विकास भन्ने नारा सहित रामपुर नगरपालिका वडा नं. ५ स्थित रामपुर जेष्ठ नागरिक स्कुल अन्तर्गत अन्तर पुस्ता संवाद, योग, ध्यान, आध्यात्मिक प्रवचन, धार्मिक तथा आध्यात्मिक पर्यटन केन्द्रको रुपमा विकास गरिनेछ ।

५४. आन्तरिक पर्यटन प्रवर्द्धनका लागि नगरका विभिन्न स्थानहरुमा सूचनामूलक होर्डिङ्ग बोर्डहरु जडान गरिनेछ।

५५. आन्तरिक पर्यटन प्रवर्द्धन तथा स्थानीय रैथाने परिकारको प्रवर्द्धन गर्ने उद्धेश्यले **'स्थानीय स्वाद, आतिथ्यताको सानः सडक खाना महोत्सव हाम्रो अभियान'**अन्तर्गत विभिन्न समुदाय, संघसंस्था लगायतसँगको सहकार्यमा सडक खाना महोत्सव सञ्चालन गरिनेछ।

श्रम, रोजगारी तथा उद्यमशिलता तर्फ

५६. रोजगार, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनसम्बन्धी सेवाहरूलाई एकीकृत रूपमा प्रवाह गर्न स्थानीय तहमा स्थापित "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" लाई प्रभावकारी, प्रविधिमैत्री तथा सेवामुखी संस्थाका रूपमा विकास गरिनेछ।

५७. स्थानीय तहभित्र रहेका बेरोजगार, अर्धरोजगार तथा रोजगारको खोजीमा रहेका व्यक्ति एवं वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको विवरण अद्यावधिक गरी रोजगार, सीप तथा उद्यमशीलता सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गरिनेछ।

५८. "मिसन रोजगारीः दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन- अभियान" रोजगारी सृजनाका क्षेत्रको पहिचान, उद्यमशीलता प्रवर्द्धन, वैदेशिक रोजगारीबाट फर्केका युवा श्रम शक्तिको सीप, अनुभव र पूँजीलाई उत्पादनमूलक क्षेत्रमा लगाउने वातावरण तयार गर्नुका साथै श्रम बजार अनुकूल सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

५९. स्थानीय श्रम बजारको माग, उपलब्ध स्रोत-साधन तथा आर्थिक सम्भावनाका क्षेत्रहरूको पहिचान गरी मागमा आधारित सीप विकास, पुनःसीप (Reskilling) तथा सीप अभिवृद्धि (Upskilling) कार्यक्रम सञ्चालन गरिनेछ।

६०. महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, विपन्न परिवार, बेरोजगार युवा तथा अन्य लक्षित वर्गलाई रोजगार, सीप विकास र उद्यमशीलता कार्यक्रमहरूमा प्राथमिकता प्रदान गरिनेछ। साथै श्रमजीवी वर्गहरु बीचमा भएका विभेद अन्त्य गर्न **समान कामका लागि समान ज्याला**को व्यवस्था गरिनेछ।

६१. आप्रवासी कामदार तथा तिनका परिवारको अधिकार सुनिश्चित गर्न प्रदेश सरकार, वैदेशिक रोजगार बोर्ड तथा संघीय सरकारसँगको समन्वय एवं लागत साझेदारीमा आप्रवासी कामदार र तिनका परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना प्रवाह, न्याय प्राप्तिका लागि समन्वय तथा सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन तथा समन्वय गरी सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन गरिनेछ।

६२. युवा तथा नवउद्यमीहरूलाई स्वरोजगार र उद्यमशीलतामा आकर्षित गर्न व्यवसाय विकास सेवा, उद्यम परामर्श, वित्तीय साक्षरता, परियोजना तयारी तथा सहुलियतपूर्ण वित्तीय पहुँचमा सहजीकरण मार्फत स्थानीय उत्पादन, सेवा तथा उद्यमको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न उत्पादन, प्रशोधन, ब्रान्डिङ, मूल्य अभिवृद्धि, बजारीकरण तथा मूल्य शृङ्खला विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

६३. रोजगार सिर्जना तथा उद्यम विकासका लागि निजी क्षेत्र, सहकारी संस्था, वित्तीय संस्था, उद्योग वाणिज्य सङ्घ, शैक्षिक संस्था तथा विकास साझेदारहरूसँग साझेदारी र सहकार्य विस्तार गरी रोजगार खोज्ने व्यक्ति, रोजगारदाता, तालिम प्रदायक संस्था तथा उद्यमी बीच समन्वय र सहजीकरण गरी रोजगार मिलान (Job Matching) सेवाको विकास गरिनेछ।

६४. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरू (Returnee Volunteers) लाई परिचालन गरी घरदैलोस्तरसम्म सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सचेतना प्रवाह गरिनुका साथै वैदेशिक रोजगारबाट फर्केका सीपयुक्त, दक्ष तथा अनुभवी जनशक्तिको ज्ञान, सीप, प्रविधि र पूँजीलाई स्थानीय उत्पादन, उद्यम विकास तथा रोजगारी सिर्जनामा उपयोग गर्न पुनःएकीकरण तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

उद्योग तर्फ

६५. स्थानीय क्षेत्रमा पाइने कच्चा पदार्थमा आधारित रही महिला तथा युवाहरुको आर्थिक समृद्धि, गरिब निवारण लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम, प्रविधि हस्तान्तरण गरिनुको साथै वित्तिय सेवामा पहुँच र बजारीकरणमा सहयोग गरिनेछ ।

६६. विभिन्न समुदायहरुको परम्परागत सीप, कला र पेसाको संरक्षण तथा सामग्री उत्पादन र बजारीकरणका लागि सहयोग र सहजीकरण गरिनेछ।

६७. कम्तीमा १० जना व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने गरी नयाँ दर्ता हुने उद्यम व्यवसाय तथा महिलाको नाममा रहेको उत्पादनमुलक उद्योग व्यवसायलाई पहिलो वर्ष व्यवसाय करमा शतप्रतिशत छुट दिइनेछ।

६८. **'स्थानीय उत्पादन र उद्यमीको भर, रामपुर नगरपालिका उपप्रमुखको कोसेली घर'** भन्ने नारालाई चरितार्थ गर्दै विभिन्न महिला उद्यमी समूहबाट उत्पादन भएका सामग्रीहरुको प्रदर्शन तथा बिक्रीको व्यवस्थाका लागि सञ्चालनमा रहेको उपप्रमुख कोसेली घर सञ्चालनलाई निरन्तरता दिइनेछ ।

६९. घरेलु तथा साना उद्योगको एकिकृत विकासको लागि औद्योगिक ग्रामलाई आवश्यक पूर्वाधारको विकास गरी उद्योगहरु संचालन गर्न प्रोत्साहन गरिनेछ।

सहकारी तथा वित्तीय क्षेत्र तर्फ

७०. नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण सहकारी संस्थाहरुको कारोबार प्रतिवेदन कोपोमिस मार्फत आवद्ध गरी प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

७१. सहकारी संस्थाहरुको नियमित अनुगमनलाई निरन्तरता दिई बचत सङ्कलन, ऋण परिचालन र संस्थागत सुशासनलाई थप प्रभावकारी बनाइनेछ।

७२. सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सहकार्यको मर्मलाई आत्मसाथ गरी सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

७३. सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका साथै सहकारी संस्थाका सदस्यहरुलाई लक्षित गरी वित्तिय साक्षरता अभियान संचालन गरिनेछ ।

सामाजिक विकास तर्फ

शिक्षा तर्फ

७४. विद्यालय शिक्षालाई बालमैत्री, प्रविधिमैत्री बनाउँदै मौलिक संस्कार सहितको प्राविधिक शिक्षामा जोड दिदै नगरपालिकालाई शैक्षिक हवको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

७५. शिक्षालाई समता र समृद्धिको आधारका रूपमा स्थापित गरिनेछ । सामुदायिक विद्यालयप्रति सरोकारवालाको अपनत्व बढाउन "मेरो विद्यालय, मेरो दायित्व" अभियानलाई सबै विद्यालयमा विस्तार गर्ने नीति लिइनेछ।शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी तथा रोजगारमुखी बनाउँदै सार्वजनिक शिक्षामा दीर्घकालीन लगानी वृद्धि गर्दै निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थालाई सेवामुखी बनाउन स्वस्थ नियमन गरिनेछ ।

७६. ई-लर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री, कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिनेछ ।विद्यालय नक्साङ्कन, समायोजन, शिक्षक दरबन्दी मिलान, आवासीय विद्यालय स्थापना, पुस्तकालय र प्रयोगशाला सुधार, विद्यालय नर्स कार्यक्रम एकीकृत योजनामार्फत कार्यान्वयन गरिनेछ।

७७. पेशाप्रति प्रतिबद्ध तथा गौरव गर्दै मनोबल वृद्धि गर्न कार्यसम्पादनका आधारमा विद्यालय, शिक्षक, कर्मचारी तथा माध्यमिक शिक्षा परीक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।विपन्न, सीमान्तकृत, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका तथा पिछडिएका क्षेत्रका सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्न मेयर छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७८. शिक्षकको पेशागत र प्रविधिजन्य क्षमता विकासका लागि सान्दर्भिक विषय र मुद्दामा आधारित तालिम कार्यक्रम कार्यान्वयन गरिनेछ। शिक्षण-प्रशिक्षणका क्षेत्रमा कृत्रिम बौद्धिकताका सकारात्मक पक्षहरूलाई जोड दिइनेछ।शिक्षक तथा विद्यार्थीका लागि नगर स्तरीय शैक्षिक, बौद्धिक, खेलकुद, योग, ध्यान तथा परम्परागत सीप आदानप्रदान कार्यक्रम संचालन गरिनेछ।

७९. स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि स्थानीय भाषा ,कला ,संस्कृति, इतिहास र भूगोल झल्काउने पाठ्य पुस्तक । शैक्षिक सामाग्री निर्माण गरिनेछ ,शिक्षक निर्देशिका ,सन्दर्भ सामाग्री ,

८०. नगरपालिका क्षेत्रभित्र मौलिक धार्मिक, सांस्कृतिक र भाषिक सम्पदाको संरक्षण तथा भावी पुस्तामा संस्कृत भाषा तथा कर्मकाण्ड सम्बन्धी ज्ञानको प्रवाह गर्न रामघाटमा मौलिक संस्कार सहित गुरुकुल शिक्षाको लागि आवश्यक व्यवस्था गरिनेछ ।

८१. पुस्तान्तरण सिपः हस्तान्तरण केन्द्रको रुपमा रहेको रामपुर जेष्ठ नागरिक स्कुलमा प्रत्येक हप्ता विद्यार्थी र जेष्ठ नागरिक बिच अनुभवको आदानप्रदान जेष्ठ नागरिक हाम्रो सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८२. 'Green School, Clean School÷ को अवधारणालाई कार्यान्वयन गर्दै विद्यालय परिसरलाई हरित, स्वच्छ, सुरक्षित तथा वातावरणमैत्री बनाउने, वृक्षारोपण, फोहोर व्यवस्थापन, सरसफाइ, जलवायु सचेतना तथा वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरू विद्यालयस्तरबाट सञ्चालन गरिनेछ।

स्वास्थ्य तर्फ

८३. सबै स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री, पोषण मैत्री र पूर्ण संस्थागत सुत्केरी तथा पूर्ण खोपयुक्त बनाई पालिकालाई बालमैत्री बनाउने तर्फ स्वास्थ्यका सूचकलाई पूरा गर्दै किशोर किशोरी स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ। /

८४. वर्तमान समयमा जनसंख्या वृद्धिदर कम हुँदै गइरहेको, शिक्षित तथा कार्यशिल युवाशक्तिको Brain drain, Muscle Drain भइरहेको वर्तमान अवस्थामा नगरको दीर्घकालीन श्रमशक्ति, आर्थिक स्थायित्व र सामाजिक संरचनामा असन्तुलनको जोखिम देखिएको सन्दर्भमा, जनसंख्या वृद्धिलाई व्यवस्थित रूपमा प्रोत्साहन गर्न नगरपालिकामा स्थायी बसोबास गर्ने नगरबासीबाट ३ (तीन) वा सोभन्दा बढी सन्तान जन्माउने परिवारका तेस्रो सन्तान वा तेस्रो सन्तान पछिका हरेक सन्तानको नाममा **मासिक रुपमा १००० का दरले** बाल बचत खाता स्थापना गरी ५ वर्ष उमेर पुगुन्जेलसम्म नगरपालिकाबाट नियमित रूपमा जम्मा गरिने व्यवस्था लागू गरिनेछ ।

८५. बढ्दो नसर्ने रोग, मानसिक रोग र आत्महत्या, लागु पदार्थ दुर्व्यसन/एच.आइ.भि. एड्सलाई न्यूनिकरण गर्न जनचेतना अभियान कार्यक्रम प्रभावकारी बनाइनेछ।

८६. सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परीक्षण गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउन पोषण कोसेली वितरण, PNC Home Visit, Free Ambulance सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८७. बदलिँदो जीवनशैलीको कारण बढ्दै गएको नसर्ने रोगहरुको प्रभाव कम गर्न स्वास्थ्य जीवन कार्यक्रम र दीर्घ तथा नसर्ने रोगबाट थलिएर ओछ्यानमा रहेका जेष्ठ नागरिक तथा दीर्घरोगी बिरामीहरुलाई लक्षित गर्दै सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको परिचालनबाट वस्ती/वस्तीमा पुगेर स्वास्थ्य परीक्षण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

८८. महिलामा बढ्दो क्रममा रहेको पाठेघर मुखको क्यान्सर रोगलाई यस पालिकामा रहेका स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुको सक्रिय सहभागितामा वडामा रहेका स्वास्थ्य संस्थाबाट **भी.आई.ए.** सेवा निःशुल्क सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८९. स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउन र आधारभूत स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न ई-रिपोर्टिङ सिस्टम (eHMIS/DHIS2/eTB/eLMIS/PAMS V2) निरन्तरता दिइनेछ ।

९०. नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी र आधारभूत/सहरी स्वास्थ्य केन्द्रहरुको न्यूनतम मापदण्ड अनुगमन (MSS) गरी स्वास्थ्य संस्थाहरुबाट प्रवाह भैरहेको स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ।

९१. नगरपालिका र कालिगण्डकी आँखा उपचार केन्द्रको सहकार्यमा विद्यालय तथा समुदाय स्तरमा आँखा परीक्षण गरी मोतियाविन्दु रहित नगरपालिका घोषणा गरिनेछ । साथै रामपुर नगरपालिकामा कार्यक्षेत्र भई सञ्चालनमा आएका बैंक तथा वित्तीय संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत वृहत्त स्वास्थ्य शिविर, शैक्षिक कार्यक्रम लगायतका कार्यक्रम साझेदारी सञ्चालन गरिनेछ ।

९२. महिला स्वयम् सेविकाहरुकालाई संघबाट प्राप्त यातायात भत्तामा नगरपालिकाले थप सुविधा स्वरुप प्रदान गरिँदै आइएको रकमलाई निरन्तरता दिदै सञ्चार सुविधालाई थप गरिनेछ ।

९३. एचआईभी संक्रमित नागरिकहरूको सम्मानजनक, स्वस्थ र आत्मनिर्भर जीवन सुनिश्चित गर्न पोषण, उपचार, परामर्श, सामाजिक सुरक्षा, आर्थिक सशक्तीकरण तथा विभेदमुक्त वातावरण निर्माणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

आयुर्वेद सेवा तर्फ

९४. आयुर्वेदिक जीवनशैली, योग, ध्यान, स्वस्थ आहार तथा प्राकृतिक उपचार पद्धतिको प्रवर्द्धन गरी नसर्ने रोगहरूको रोकथाम र नागरिकको स्वास्थ्य सुधारका लागि समुदायस्तरमा आयुर्वेद कार्यक्रम सञ्चालन गरिनेछ। साथै नागरिक आरोग्य कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९५. स्थानीय स्तरमा उपलब्ध औषधीजन्य जडिबुटिहरुको पहिचान संरक्षण र प्रवर्धन गर्दै आयुर्वेद सेवा पंचकर्म, योग, प्राकृतिक चिकित्सा सेवा विस्तार तथा स्तरोन्नती गरी "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" लाई प्रभावकारी बनाउन स्वस्थ भान्साको अवधारणा अनुरुप सन्तुलित भोजनको प्रयोग गर्न हरेक नागरिकलाई सुसूचित गर्दै स्वस्थ वातावरण र सक्रिय जीवन शैलीको प्रवर्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

९६. आयुर्वेद सेवालाई सरल, सहज र प्रभावकारी रुपमा प्रदान गर्न आवश्यक औजार उपकरण सहितको भौतिक पूर्वाधार तथा व्यवस्थापन सुदृढ गरिने छ । साथै सेवाको गुणस्तर अभिवृद्धिका लागि आधुनिक Wellness अवधारणा समेत समावेश गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।

युवा तथा खेलकुद तर्फ

९७. युवामा स्वयंसेवा, उद्यम प्रवर्द्धन तथा कुलत दुर्व्यसन नियन्त्रण सम्बन्धी युवा परामर्श तथा क्षमता विकासका कार्यक्रम मार्फत युवा सशक्तीकरण गरिनेछ।

९८. युवामा स्वयंसेवी भावना विकास गर्न शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्रमा योगदान पुग्ने गरी सामाजिक सुधारका कार्यक्रममा युवा परिचालन गर्न युवा स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।

९९. युवामा उद्यमशीलता विकास गर्न बजार मागका आधारमा प्राविधिक तथा व्यवसायिक तालिमका अवसर सिर्जना गरिनेछ । स्थानीय स्रोत साधनमा आधारित उद्यम स्थापना गर्ने युवालाई व्यवसाय दर्तामा शतप्रतिशत छुट दिइनेछ ।

१००.खेलकुदको आधार, किसानबारी खेलमैदानको विस्तार भन्ने नारालाई आत्मसात् गर्दै किसानबारी खेलमैदानलाई बहुउद्देश्यीय खेलकुद केन्द्रको रुपमा विकास गर्दै अन्य खेलमैदानहरुको आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नती गरिनेछ ।

१०१.खेलमैदान देखि स्वस्थ समाज सम्म भन्ने सोचका साथ खुला व्यायमशाला, बाल खेलमैदान, मनोरञ्जन पार्क तथा ज्ञान पार्कको क्रमश विस्तार गर्दै लगिनेछ ।

१०२.उद्यमशीलता तथा स्वरोजगार सिर्जना गर्न वित्तीय संस्थाहरुबाट सहुलियत ब्याजदरमा कर्जा प्रवाहका लागि युवा स्वरोजगार लगायतका कार्यक्रम संचालनका लागि आवश्यक पैरवी गरिनेछ ।

१०३.खेलाडीको प्रतिष्पर्धी क्षमता विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विज्ञता हाँसिल गरेका खेलाडी/प्रशिक्षकसँग ज्ञान सिप, तथा अनुभव हस्तान्तरणका लागि प्रशिक्षणमुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०४.नगरपालिकामा खेलकुद संस्कृतिको विकास, प्रतिभा पहिचान तथा स्वस्थ, अनुशासित र प्रतिस्पर्धी खेलाडी उत्पादन गर्न विद्यालय, वडा तथा नगरस्तरीय राष्ट्रपतिरनिङ्ग शिल्ड तथा मेयर कप खेलकुद प्रतियोगिता नियमित रूपमा सञ्चालन गरी उत्कृष्ट खेलाडीहरूको क्षमता विकास र प्रोत्साहन गरिनेछ।

लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण तर्फ

१०५.समाजमा विद्यमान जातीय छुवाछुत, लैंगिक विभेद तथा हिंसा, दुर्व्यवहार, मानवबेचविखन, लागुपदार्थ दुर्व्यसन, बालश्रम, बाल विवाह जस्ता सामाजिक कलङ्कबाट समाजलाई मुक्त बनाई सभ्य र सुसंस्कारयुक्त नगर निर्माणका लागि सरोकारवालाहरुको सहभागिता र सहकार्यमा सामाजिक रुपान्तरणका अभियानलाई निरन्तरता दिइनेछ।

१०६. मानवीय संवेदनशीलतालाई उच्च सम्मान गर्दै नगरलाई मानवियताको सहर तथा आकर्षक बसोवास स्थलको रुपमा विकास गर्न असहाय, अपाङ्गता, बेसहारा, टुहुरा, लैंगिक हिंसा पिडित, दुर्व्यवहारमा परेका व्यक्तिहरुको संरक्षण, उपचार, शिक्षा, पालनपोषण, पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन जस्ता मानविय कार्यका लागि आवश्यक पहल गरिनेछ ।

१०७. ज्येष्ठ नागरिकको योगदान, समर्पण तथा सामाजिक भूमिकालाई कदर गर्दै आत्मसम्मानका साथ सक्रिय जीवनयापन र ज्ञान हस्तान्तरणको लागि ज्येष्ठ नागरिक स्कुललाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ । जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धन तथा सामाजिक सहभागिता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१०८. बालअधिकारको प्रवर्द्धन गर्न विद्यालय, टोल विकास संस्था, आमा समूह, युवा क्लव, बाल क्लव/सञ्जाल, गैर सरकारी संघ संस्थालाई परिचालन गरिनेछ। साथै बालहिंसा विरुद्धको अभियान, बालश्रम, बालविवाह विरुद्धमा शून्य सहनशीलता (Zero Tolerence) नीति अवलम्बन गर्दै बालमैत्री नगरपालिका घोषणा गरी बालमैत्री स्थानीय शासनको दिगोपनामा जोड दिइनेछ ।

१०९. अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवनयापनका लागि आवश्यक सहायक सामग्री तथा राहत प्याकेजको व्यवस्थाका साथै अपाङ्गता भएका व्यक्तिहरुलाई जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

११०. लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सक्रिय एवम् आत्मनिर्भर बनाउन सचेतनामूलक कार्यक्रम तथा उद्यमशीलता प्रवर्द्धन मार्फत् स्वरोजगारीमा जोड्दै सामाजिक पुनर्स्थापनामा जोड दिइनेछ ।

१११. स्थानीय तहको सामाजिक सांस्कृतिक, आर्थिक र भौगोलिक विविधतालाई विश्लेषण गरी लिङ्ग, जातजाति, वर्ग, क्षेत्र, भाषा, धर्म, उमेर र शारीरिक अवस्थाका आधारमा पछाडि पारिएका समुदायहरुलाई समविकास र अन्तर विविधताको (Intersectionality) अवधारणा अनुसार योजना निर्माण, कार्यान्वयन, अनुगमन र मुल्यांकन गर्ने कार्यमा प्राथमिकताका साथ सहभागिता सुनिश्चित गरिनेछ ।

११२. लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री नीति र कार्यक्रमलाई उच्च प्राथमिकता दिईनेछ। पछाडि परेका वर्ग, क्षेत्र जातजातिको सामाजिक, साँस्कृतिक, आर्थिक विकास र सशक्तिकरणमा प्रत्यक्ष लाभ हुने र हानिकारक मुल्यमान्यता कम गर्न सहयोग पुग्ने योजना तथा कार्यक्रम विकास गरी कार्यान्वयनको सुनिश्चितता गरिनेछ ।

११३. सुशासन, र जवाफदेहिता कायम गर्न र सेवा प्रवाहमा महिला तथा वञ्चितिकरणमा परेका समुदायको सहज पहुँच सुनिश्चित गर्नका लागि लै.स.सा.स. परीक्षण र लैंगिक उत्तरदायी बजेट परीक्षणलाई निरन्तरता दिईनेछ ।

११४. उप-प्रमुख ग्रामीण महिला उत्थान कार्यक्रम मार्फत महिलाहरुका लागि न्यूनतम सशक्तिकरणका आयामहरुलाई अवलम्बन गर्दै महिलाको क्षमता विकास, सिप तथा व्यवसायिकता विकास तालिमहरुसँगै व्यवसायिक उपकरणहरुको व्यवस्था गरिनेछ।

११५. रामपुर नगर भित्रका सबै सरकारी कार्यालय **गुणस्तरीय सेनेटरी प्याड**को व्यवस्था, रजस्वलाका बखत महिला कर्मचारीका लागि **महिनामा १ दिन** र गर्भवती महिला कर्मचारीहरुको गर्भावस्था जाँचका लागि गर्भ अवधि भरी आठ पटक विशेष सुविधा दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

११६. रामपुर नगरको दायित्व हिंसा रहित समाज हुनेछ स्थायित्व भन्ने नारालाई आत्मसात गर्दै ज्येष्ठ नागरिकहरुको लागि समाजकल्याण कोष, बालबालिकाहरुको लागि आपत्तकालीन बालउद्धार कोष र हिंसा पिडितको लागि लैङ्गीक हिंसा निवारण कोष, एकल महिला सुरक्षा कोषको स्थापना गरिनेछ साथै बेसाहारा महिला/बालबालिका, एकल महिला,अपाङ्गता भएका व्यक्ति,ज्येष्ठ नागरिक,लैङ्गिक तथा यौनिक अल्पसंख्यक र अति विपन्नहरुका लागि लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

११७. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण विषयमा समुदाय र सरोकारवालाहरुलाई सचेत तथा संवेदनशिल बनाई लैङ्गिक हिंसा शुन्य सहनशिलता कायम गर्दै रोकथाम तथा नियन्त्रणको लागि लैङ्गिक हिंसामुक्त नगरको अवधारणा अनुरुप कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनुका साथै लक्षित वर्ग र समुदायको अपनत्व हुने गरी लै.स.सा.स सम्बन्धी नीति, कानुन र योजना निर्माणमा समानुपातिक सहभागितालाई सुनिश्चित गरी लक्षित वर्ग, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरी सकारात्मक विभेदको नीति अवलम्बन गरिनेछ।

११८. बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, बालअधिकारको संरक्षण तथा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न "**बालबालिकासँग मेयर**" कार्यक्रम सञ्चालन गरी शिक्षा, स्वास्थ्य, संरक्षण, प्रतिभा विकास तथा बालबालिकाका समस्या, सुझाव र आवश्यकतालाई स्थानीय नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गरिनेछ।

११९. नवजात शिशुको गुणस्तरीय स्याहार, पोषण, स्वास्थ्य परामर्श र सुरक्षित विश्रामको व्यवस्था गर्न रामपुर मातृ तथा शिशु स्याहार केन्द्र (आमाघर) सञ्चालन गरिनेछ। आमाघरलाई मातृ तथा शिशु स्वास्थ्य सेवाको नमुना केन्द्रका रूपमा विकास गर्दै आवश्यक जनशक्ति, उपकरण र सेवाको सुनिश्चितता गरिनेछ।

साहित्य कला तथा संस्कृतितर्फ

१२०.स्थानीय मौलिक कला, भाषा, लिपि, साहित्य, संस्कृति तथा परम्पराको अध्ययन, अनुसन्धान, संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनका क्षेत्रमा योगदान पुऱ्याउने संघ, संस्था तथा व्यक्तिको पहिचान गरी समन्वय र सहकार्य गरी उचित कदर गरिनेछ।

१२१.समुदायको सहभागितामा नगरमा रहेका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वका सम्पदाको पहिचान गरी संरक्षण, जीर्णोद्धार तथा विकास गरिनेछ ।

१२२.संस्कृति हाम्रो पहिचानः पुस्तान्तरण हाम्रो जिम्मेवारी भन्ने मान्यता सहित विश्व प्रसिद्ध दश अवतार बालन तथा विभिन्न जातजातिको मौलिक संस्कृतिको संरक्षण, प्रवर्द्धन, अध्ययन अनुसन्धान र पुस्तान्तरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

१२३."रामपुरको पहिचान, राम सर्किटको अभियान" भन्ने नारालाई आत्मसात् गरी भगवान राम-सीताको क्रिडाभूमि रामपुर क्षेत्रलाई रामायण सर्किटमा आबद्ध गर्न आवश्यक प्रयास गर्दै राम कथासँग सम्बन्धित क्षेत्र, मठमन्दिर, कुण्ड, नदी, ताल तलैया जोड्ने गरी रामायण सर्किटको विकास गर्दै रामपुर नगरपालिकालाई वैदिक स्मार्ट सिटी निर्माणको लागि आवश्यक पहल गरिनेछ। सिताकुण्ड, रामघाट र राममन्दिरको ऐतिहासिक महिमा बढाउने भौतिक संरचना निर्माण गर्दै विभिन्न प्राचिन, धार्मिक तथा साँस्कृतिक क्रियाकलापहरु अन्तर्गत राम सिता विवाह पञ्चमी, रामनवमी लगायतका विभिन्न धार्मिक कार्यहरुलाई निरन्तरता दिइनेछ ।

वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ

१२४.नगर क्षेत्रको हरियाली प्रवर्द्धन, वन संरक्षणका लागि नागरिक सचेतनालाई जोड दिनुका साथै वन डढेँलो नियन्त्रण, जैविक विविधताको संरक्षण र वनको लगत सङ्कलन कार्यका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

१२५.उजाड एवं खाली जग्गा, सामुदायिक वन तथा सरकारी जग्गामा फलफुल तथा सौन्दर्य जातका विरुवा वृक्षारोपण गरी हरियाली रामपुर नगरको अवधारणालाई कार्यान्वयन गरिनेछ ।

१२६.प्राकृतिक विपद् र जलवायु परिवर्तनका असरलाई ध्यानमा राखेर विपद् तथा जलवायु उत्थानशील योजना तयार गरी दीर्घकालीन, सुरक्षित र दिगो विकास योजना बनाउने नीति लिइनेछ।

१२७.विपद् र महामारीको पूर्व तयारी प्रति कार्यका लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी तालिम प्रदान गरी क्रियाशिल बनाउँदै नगरभित्र हुने भूस्खलन, वाढी पहिरो, आगलागी, भूकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृत्रिम विपत्तिबाट तुरुन्त राहत कार्य गर्न विभिन्न

संघसंस्थाहरुसँग/ समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना बनाई विपद व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।

१२८.महामारी जस्ता सबै प्रकारका विपद्को रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुर्नःलाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा बजेटको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

संस्थागत विकास तथा सुशासनतर्फ

१२९.नगरपालिकाको कार्यसम्पादनलाई प्रभावकारी तथा जनउत्तरदायी बनाउन आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ । साथै समयसापेक्ष सांगठनिक संरचना (O&M) को पुनरावलोकन गरी कार्यान्वयन गरिनेछ ।

१३०.कर्मचारीलाई व्यावसायिक, सिर्जनशील, उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउन समयानुकूल प्रोत्साहन तथा तलब भत्तामा वृद्धि गरिनेछ । साथै उत्कृष्ट कर्मचारी, करदाता, उपभोक्ता समिति, टोल विकास संस्थालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१३१.नगरपालिका तथा अन्तर्गतका कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२.नगर तथा वडा कार्यालयमा सुझाव/गुनासो सुनुवाई तथा व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउँदै सार्वजनिक सेवा प्रवाहमा सकारात्मक विभेदको नीति लिइनेछ साथै घुम्ति शिविर मार्फत वडा कार्यालयबाट हुने योजना सम्झौता, फरफारक र भुक्तानीको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१३३. नागरिकलाई छिटो छरितो तथा अनावश्यक प्रक्रियागत झन्झट बिना नै प्रभावकारी सेवा सुविधा प्रवाह गर्दै भ्रष्टाचार बिरुद्ध शून्य सहनशीलताको नीति मार्फत सार्वजनिक प्रशासनमा सुशासन अभिवृद्धि गर्रिदै लगिनेछ ।

१३४.सेवा प्रवाह तथा विकास निर्माणका कार्यको नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन समितिलाई क्रियाशिल बनाइनेछ ।

१३५.प्रत्येक वडा कार्यालय, स्वास्थ्य संस्था र सेवा केन्द्रहरुमा ई-हाजिरीको व्यवस्थालाई अनिवार्य गरिनेछ ।

वित्तीय व्यवस्थातर्फ

१३६.संविधान तथा प्रचलित कानून अन्तर्गत स्थानीय तहलाई प्राप्त कर तथा गैरकर राजस्व अधिकारलाई व्यवस्थित गर्न कर तथा गैरकर राजस्व सम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

१३७. राजस्व प्रशासनलाई पूर्ण रूपमा प्रविधिमैत्री र पारदर्शी बनाउन करदाता पहिचान, करयोग्य सम्पत्ति निर्धारण, आम्दानी तथा वस्तु र सेवाको मूल्याङ्कन, कर निर्धारण, कर बिजक जारी, गुनासो व्यवस्थापन, र कर भुक्तानी लगायतका समग्र राजस्व प्रशासन चक्र (Revenue Administration Cycle) मा वैज्ञानिक तथा डिजिटल प्रणाली अवलम्बन गरिनेछ।

१३८. राजस्व भुक्तानी प्रणालीलाई सुरक्षित, पारदर्शी र प्रविधिमैत्री बनाउन "शून्य नगद कारोबार" (Zero Cash Handling) को नीति अवलम्बन गरिनेछ। यस अन्तर्गत विद्युतीय (अनलाइन) माध्यमबाट कर तथा दस्तुर भुक्तानी गर्ने र सबै वडा कार्यालयहरूबाट अनिवार्य रूपमा अनलाइन रसिद जारी हुने एकीकृत व्यवस्था मिलाइनेछ।

१३९. सम्पूर्ण करदातालाई राजश्वको दायरामा ल्याउन "**कर तिर्नु सम्मानित हुनु पनि हो**" भन्ने भावना जगाउन तथा कर दायित्वसम्बन्धी सचेतना गराउन प्रवर्द्धनात्मक, प्रचारात्मक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी आन्तरिक आय वृद्धि गरिनेछ ।

१४०. **जहाँ व्यवसाय तहाँ दर्ता नविकरण कार्यक्रम** अभियान मार्फत GIS घर नम्बरिङ र डिजिटल घरदैलो सर्वेक्षण गरी सबै व्यवसाय र घरधुरीलाई एकिकृत करदाता प्रणालीमा आबद्ध गरी करदाताको अभिलेख व्यवस्थापन गरी कर संकलनलाई नियमित गरिनेछ ।

१४१. कर प्रशासनमा दण्ड पुरस्कारको नीतिका आधारमा नियमित र अधिकतम कर तिर्नेलाई सम्मानित गर्ने तथा करको दायरामा नआउने तथा नतिर्नेलाई जरिवाना लगाउने नीति अवलम्बन गरिनेछ ।

१४२. कानुनको अधीनमा रही सम्भावित सबै प्रकारका प्राकृतिक स्रोतको उच्चतम उपयोग गरिनेछ ।

१४३. नगरपालिकाको स्वामित्वमा रहेका जीर्ण, प्रयोगविहीन, मर्मत गर्न अनुपयुक्त, पुराना सम्पत्तिको पारदर्शी, प्रतिस्पर्धात्मक र कानुनसम्मत लिलाम बिक्री गरिनेछ ।

१४४. नगरवासीलाई सहज र सरल होस् भन्ने उदेश्यले स्थायी **लेखा नम्बर (PAN)** नगरपालिकाबाट नै जारी गरिने कार्यलाई सरल र व्यवस्थित गरिनेछ ।

न्यायिक तर्फ

१४५. न्यायिक समितिमा पर्ने उजुरीलाई समयमा नै किनारा गर्न समितिको क्षमता विकास गरिनेछ ।

१४६. आर्थिक अभावमा कसैलाई पनि अन्यमा पर्न नदिन विपन्न व्यक्तिलाई कानुनी सहायता प्रदानका लागि समन्वय गरिनेछ।

१४७. नागरिकहरुलाई न्यायमा पहुँचकानुनमा सवल र अब्बल बनाउनका लागि न्यायिक , समितिसँग प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१४८. मेलमिलाप केन्द्रहरुको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनका लागि मेलमिलापकर्तालाई क्षमता विकास गरी नियमित अनुगमन, समन्वय र सहकार्य गरिनेछ ।

१४९. महिला कानुनी अधिकार सम्बन्धी सचेतना कार्यक्रम तथा सरोकारवालाहरुलाई समेटी कानुनी शिक्षा र न्यायिक प्रक्रियाबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेँछ ।

सूचना, सञ्चार, प्रविधितर्फ तथा नवप्रर्वतन र अनुसान्धान

१५०. नगरका गतिविधिहरू सूचना पाटी, सामाजिक सञ्जाल, बुलेटिन, पत्र पत्रिका, आमसञ्चार तथा वेबसाइटमार्फत् अनिवार्य रूपमा सार्वजनिक गरिनेछ ।

१५१. सञ्चार माध्यमको गुणस्तर वृद्धि गर्न सञ्चार माध्यम तथा सञ्चारकर्मीको क्षमता विकासमा सहयोग तथा सहकार्य गरिनेछ ।

१५२. सबै घरधुरीका सूचनाहरु डिजिटल रुपमा राख्ने, स्वतः अध्यावधिक हुने तथा सूचनालाई कर प्रणालीमा आवद्ध गर्ने व्यवस्था मिलाइनेछ ।

१५३. रामपुर नगरपालिका भित्रका विभिन्न विषयमा अध्ययन, अनुसन्धान गर्ने अनुसन्धानकर्ता व्यक्ति वा संस्थालाई **Mayor Fellowship** प्रदान गरिनेछ, अनुसन्धानबाट प्राप्त प्रतिवेदनलाई क्रमशः कार्यन्वयनमा लगिनेछ।

१५४. नगरपालिकाका सबै सार्वजनिक सेवाहरूलाई क्रमशः डिजिटल माध्यममा रूपान्तरण गरी नागरिकले घरबाटै सहज रूपमा सेवा प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ। मोबाइल एप, बहुभाषिक सूचना पोर्टल, अनलाइन सेवा, डिजिटल भुक्तानी तथा एकीकृत नागरिक सेवा प्रणालीको विकास र कार्यान्वयन गर्दै पुराना अभिलेखहरूलाई डिजिटल प्रणालीमा रूपान्तरण गरी छिटो, पारदर्शी, भरपर्दो र नागरिकमैत्री विद्युतीय सुशासन (**E-Governance**) कायम गरिनेछ।

१५५. सामाजिक सञ्जालको सुरक्षित, जिम्मेवार र नैतिक प्रयोग प्रवर्द्धन गर्न विद्यालय तथा समुदायमा डिजिटल आचारसंहिता लागू गरी साइबर अपराध, फेक आइडी, अनलाइन ठगी, साइबर ब्ल्याकमेल तथा दुर्व्यवहार विरुद्ध व्यापक जनचेतना र डिजिटल साक्षरता अभियान सञ्चालन गरिनेछ।

नगरसभा सदस्यज्यूहरू,

प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट सुशासन, सामाजिक न्याय, उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना भई नगरको आर्थिक समृद्धि र जीवनस्तरमा गुणात्मक सुधार आउने अपेक्षा गरेको छु । यी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, नगरको सर्वाङ्गीण विकासमा योगदान पुर्याउने नगरसभाका सदस्य, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सञ्चारकर्मी, निजी क्षेत्र, व्यापारी, सुरक्षा निकाय, नागरिक समाज, विकास साझेदार र विकास निर्माणमा श्रम उत्सर्जन गर्ने श्रमजीवी लगायत सम्पूर्ण नगरवासी र संघ तथा प्रदेश सरकारप्रति हार्दिक आभार व्यक्त गर्दछु

धन्यवाद !!!

रमण बहादुर थापा

नगर प्रमुख

आर्थिक ऐन २०८३

रामपुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना: रामपुर नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रामपुर नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस ऐनको नाम "**रामपुर नगरपालिकाको आर्थिक ऐन, २०८३**" रहेको छ ।

ख) यो ऐन २०८३ साल श्रावण १ गते देखि रामपुर नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः** नगर क्षेत्र भित्रका पक्की घरजग्गा तथा संरचनामा **अनुसूचि-१** बमोजिम सम्पत्ति कर लगाइने र असुल गरिनेछ। तर सरकारी स्वामीत्वका जग्गा र गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन। यसरी सम्पत्ति कर लगाउदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३. **भूमि कर (मालपोत) :** नगरपालिका क्षेत्रभित्र **अनुसूचि-२** बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ। तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर(मालपोत) लगाईने छैन।

४. **घर वहाल करः** रामपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा वार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ। यसरी लगाईने बहाल करको दर **अनुसूचि-३** मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

(२) उप-दफा(१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति तथा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न लाग्ने लगानीको आधारमा **अनुसूची-४** मा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको इजाजत बिना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर **अनुसूची-५** बमोजिम हुनेछ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाको स्वीकृत गरी लागु गर्न सक्नेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) रामपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, सिसा र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूचि ६** बमोजिमक जडिबुटी, कवाडी तथा जीवजन्तुकर लागाइने र असुल उपर गरिनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ।

७. **सवारी साधन करः** रामपुर नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूचि-७** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा **अनुसूची (८)** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ।

९. **मनोरन्जन करः** (१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, साँस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, जादु, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ। टिकट बिक्री गरी सञ्चालन गरिएका व्यवसायहरुबाट समेत मनोरन्जन कर लिइनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम नगरपालिकाले **अनुसूची (९)** बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ।

(२) उप दफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

१०. **बहाल बिटौरी शुल्कः** (१) नगरपालिकाले आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा **अनुसूची (१०)** बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछः

(क) आफूले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवम् कारोवारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल बिटौरी दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

११. **पार्किङ शुल्क पूर्वाधार उपयोग शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएवापत पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ। त्यसैगरी नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग गरेवापतको शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः**

(१)रामपुर नगरपालिकाले निर्माण, संचालन, व्यवस्थापन वा नियमन र सेवा प्रवाह गरेका अनुसूची (११) मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राही बाट सो अनुसूचिमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असुल उपर गरिने छ।

(२)उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुसूचि (१२) मा उल्लेखित विषयमा सिफारिस गर्दा कुनै पनि किसिमको शुल्क लगाईने छैन।

१३. **बिक्री तथा निकासी शुल्कः** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालूवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन भै आफ्नो सिमा क्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर **अनुसूची (१३)** मा तोकिए बमोजिम हुनेछ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम बिक्री गर्न सक्नेछ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि बिक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ।

१४. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ।

१५. **दण्ड जरिवानाः**(१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ।

१६. **कर छुटः** (१) वार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पुस मसान्त भित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको दश प्रतिशत छुट दिइनेछ । साथै जरिबानामा समेत ५० प्रतिशत छुटको व्यवस्था गरिने छ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघ संस्था सम्झनु पर्दछ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ।

(४) कानूनमा ब्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन।

तर स्थानीय आर्थिक क्रियाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन।

१७. **पर्यटन शुल्कः** रामपुर नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट **अनुसूची १४** मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१९. **अपाङ्गग परिचय पत्र सिफारिश शुल्कः** अपाङ्गता भएका व्यक्तिहरुबाट (क र ख वर्ग - रातो र निलो) कुनै पनि सिफारीश वापत शुल्क लिइने छैन।

२०. **प्रशासकीय पुनरावलोकन र पुनरावेदनः** (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदातालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

२१. **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि अघिल्लो बर्षको दररेटमा नघट्ने गरी अघिल्लो बर्ष आय ठेक्का सम्झौता भएको फर्म/व्यक्तिलाई ठेक्का अवधिको म्याद थप गरी बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

तर पटक पटक ठेक्का बन्दोवस्तको लागि सुचना आव्हान गर्दा ठेक्का बन्दोबस्त हुन नसकेमा नगरपालिकाको आन्तरिक आम्दानी बृद्धि हुने देखिएमा आमानतबाट पनि त्यस्ता कार्य गर्नको लागि बाधा पुग्ने छैन ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

२२. **सहयोग गर्नुपर्नेः** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजश्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२३. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२४. **कार्यविधि बनाउन सक्नेः** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२५. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

अनुसूची– १

सम्पत्ति कर

नगर क्षेत्र भित्रका घर तथा संरचनाले चर्चेको जग्गाको सम्पत्ति कर लिईनेछ ।सम्पत्ति कर निर्धारण देहाय वमोजिम गरिनेछः

- पक्की घर तथा संरचनाको प्रति बर्ग फुट निर्माण लागत रु २००० मानिनेछ ।
- जग्गा मुल्याङ्कनको हकमा रजिष्ट्रेशन प्रयोजनका लागि मालपोत कार्यालयले नगर क्षेत्रमा निर्धारण गरेको मूल्यलाई नै आधार मानिनेछ।
- घर र जग्गाको मुल्य जोडी जम्मा करयोग्य सम्पत्तिको मुल्य निर्धारण गरिनेछ ।
- जम्मा सम्पत्तिको कर ०.०५ प्रतिशत निर्धारण गरी लिइनेछ ।
- संरचना ह्रास कट्टी प्रत्येक वर्ष २.५ प्रतिशतले घटाई सम्पत्ति कर लिइनेछ।
- कच्ची घर तथा संरचनाको प्रति बर्ष रु.२०० का दरले र ट्रस्ट तथा टिनको छाप्रोको प्रति बर्ष रु. ३५० का दरले सम्पत्ति कर लिइनेछ।

<u>उदाहरणको लागि:</u>

= घर १००० बर्गफुट (चार आना) * २०००

= २०,००,०००

त्यसैगरी जग्गाको प्रतिआना मालपोत मूल्याङ्कन

रु.५,००,००० का दरले ४ आनाको = २०,००,०००

जम्मा सम्पति ४०,००,०००*०.०५/१००

= ४०००*०.०५

= २००० रुपैंया

अनुसूचि– २
मालपोत कर (भूमि कर)

रामपुर नगरपालिका वडा नं. १ (साविक गाडाकोट गा.वि.स.वडा नं.१,२,५,६,७,८ र ९) अन्तर्गत

क्र.सं.	क्षेत्र	मालपोत करको दर	कैफियत
क.	स्याउलीबजार, ठुलीबेसी र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया	न्यूनतम एक रोपनी सम्मको रु.१५०। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप	
ख.	साविक गाडाकोट गा.वि.स.वडा नं. १, २, ५, ६, ७, ८ र ९ का अन्य डाँडा भेग क्षेत्र	न्यनतम ५ रोपनी सम्मको रु. १००/- र सो भन्दा माथि प्रति रोपनी रु.१५/- का दरले थप	

रामपुर नगरपालिका वडा नं.२ (साविक गाडाकोट गा.वि.स.वडा नं.३ र ४) अन्तर्गत

क्र.सं.	क्षेत्र	मालपोत करको दर	कैफियत
क.	भलायटार बजार क्षेत्र र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया	न्यूनतम एक रोपनी सम्मको रु.१५०। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप	
ख.	खयरबोट र धनसारबारीको आसपास क्षेत्र	न्यूनतम एक रोपनी सम्मको रु.१२५। र सो भन्दा माथि प्रति रोपनी रु.२२। का दरले थप	
ग.	साविक गाडाकोट गा.वि.स.वडा नं. ३ र ४ का अन्य डाँडा भेग क्षेत्र	न्यनतम ५ रोपनी सम्मको रु. १००/- र सो भन्दा माथि प्रति रोपनी रु. १५/- का दरले थप	

रामपुर नगरपालिका वडा नं.३ (साविक दर्छा गा.वि.स.वडा नं.१,२,४, ५ र ६) अन्तर्गत

क्र.सं.	क्षेत्र	मालपोत करको दर	कैफियत
क.	रजघरा, गण्डकी ढिक, किर्तिपुर र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-	न्यूनतम एक रोपनी सम्मको रु.१५०। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप	

	बाँया		
ख.	बगाहा चनौली क्षेत्र	न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.२२ का दरले थप	
ग.	साविक दर्छा गा.वि.स.वडा नं. १, २, ४, ५ र ६ का अन्य डाँडा भेग क्षेत्र	न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप	
रामपुर नगरपालिका वडा नं.४ (साविक दर्छा गा.वि.स.वडा नं.३,७,८ र ९) अन्तर्गत			
क्र.सं.	**क्षेत्र**	**मालपोत करको दर**	**कैफियत**
क.	खोप्टार, सदार्वत, ठुलोटार, बांगेपसल देविस्थान र कालीगण्डकी क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया	न्यूनतम एक रोपनी सम्मको रु.२००। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप	
ख.	बडवान र काँसजरी क्षेत्र	न्यूनतम एक रोपनी सम्मको रु.११०। र सो भन्दा माथि प्रति रोपनी रु.३३ का दरले थप	
ग.	साविक दर्छा गा.वि.स.वडा नं.३, ७, ८ र ९ का अन्य डाँडा भेग क्षेत्र	न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप	
रामपुर नगरपालिका वडा नं.५ (साविक रामपुर गा.वि.स.वडा नं.३ र ४) अन्तर्गत			
क्र.सं.	**क्षेत्र**	**मालपोत करको दर**	**कैफियत**
क.	बेझाँड बजार, मटेरी, बेझाँड खेत, सानीअमराई, कठान, र कालीगण्डकी क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया	न्यूनतम एक रोपनी सम्मको रु.३५०। र सो भन्दा माथि प्रति रोपनी रु.१००। का दरले थप	

ख.	कोईलीटारी, गौडान, बाँझबारी र राम्चे	न्यूनतम एक रोपनी सम्मको रु. २२०। र सो भन्दा माथि प्रति रोपनी रु. ७५। का दरले थप	
ग.	साविक रामपुर गा.वि.स.वडा नं.३ र ४ का राम्चे बन भन्दा दक्षिणका अन्य डाँडा भेग क्षेत्र	न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप	
रामपुर नगरपालिका वडा नं.६ (साविक रामपुर गा.वि.स.वडा नं.१,६,७ र ८) अन्तर्गत			
क्र.सं.	**क्षेत्र**	मालपोत करको दर	**कैफियत**
क.	साविक रामपुर गा.वि.स. वडा नं.१, ६, ७ र ८	न्यूनतम एक रोपनी सम्मको रु. २००। र सो भन्दा माथि प्रति रोपनी रु. ५५। का दरले थप	
रामपुर नगरपालिका वडा नं. ७ (साविक रामपुर गा.वि.स.वडा नं. २, ५ र ९) अन्तर्गत			
क्र.सं.	**क्षेत्र**	**मालपोत करको दर**	**कैफियत**
क.	साविक रामपुर गा.वि.स.वडा नं. ५ का सबै क्षेत्र, साविक रामपुर गा.वि.स. वडा नं.२ को मल्याङ्ग खेत क्षेत्र र साविक रामपुर गा.वि.स. वडा नं. ९ का फेदिया गर्चौंदी क्षेत्र	न्यूनतम एक रोपनी सम्मको रु. १६५।र सो भन्दा माथि प्रति रोपनी रु. ५५। का दरले थप	
ख.	साविक रामपुर गा.वि.स.वडा नं. २ र ९ अन्य डाँडा भेग क्षेत्र	न्यनतम ५ रोपनी सम्मको रु. १००/- र सो भन्दा माथि प्रति रोपनी रु. १५/- का दरले थप	
रामपुर नगरपालिका वडा नं. ८ (साविक खालिवन गा.वि.स.वडा नं.१, २, ३, ४ र साविक गेझा गा.वि.स.वडा नं. १) अन्तर्गत			
क्र.सं.	**क्षेत्र**	**मालपोत करको दर**	**कैफियत**

क.	सावि‍क खालिवन गा.वि.स.वडा नं.१, २, ३, ४ र सावि‍क गेझा गा.वि.स.वडा नं. १ अन्तर्गतका क्षेत्र साथै कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडोको २०० मिटर दाँया-बाँया	न्यूनतम एक रोपनी सम्मको रु. २००। र सो भन्दा माथि प्रति रोपनी रु. ५५। का दरले थप	
ख.	सावि‍क खालिवन गा.वि.स. वडा नं. २ र ६ का अन्य डाँडा भेग क्षेत्र	न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप	
रामपुर नगरपालिका वडा नं.९ (सावि‍क खालिवन गा.वि.स.वडा नं. ५, ७, ८ र ९) अन्तर्गत			
क्र.सं.	**क्षेत्र**	**मालपोत करको दर**	**कैफियत**
क.	सावि‍क खालिवन गा.वि.स.वडा नं. ५,७,८ र ९ का जब्गादी, अर्वसिं र रामपुर आर्यभञ्याङ्ग(आलोक) मार्ग संग जोडिएका क्षेत्र	न्यूनतम एक रोपनी सम्मको रु.११०। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप	
ख.	सावि‍क खालिवन गा.वि.स.वडा नं. ५, ७, ८ र ९का अन्य बाँकी क्षेत्र	न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप	
रामपुर नगरपालिका वडा नं. १० (सावि‍क गेझा गा.वि.स.वडा नं. १, २, ३, ४, ५, ७, ८ र ९) अन्तर्गत			
क्र.सं.	**क्षेत्र**	**मालपोत करको दर**	कैफियत
क.	सावि‍क गेझा गा.वि.स.वडा नं. १, ३, ६, ७, ८ र ९ का तल्लोथर, माथिल्लोथर, लगायतका समथर क्षेत्र	न्यूनतम एक रोपनी सम्मको रु. १५०। र सो भन्दा माथि प्रति रोपनी रु. ५०। का दरले थप	

ख.	साविक गेझा गा.वि.स.का बर्दले, हेक्लाङ्ग, रामटार लगायतका समथर क्षेत्र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया	न्यूनतम एक रोपनी सम्मको रु. २००। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप	
ग.	साविक गेझा गा.वि.स.वडा नं. २, ४ र ५ का अन्य डाँडा भेग क्षेत्र	न्यनतम ५ रोपनी सम्मको रु. १००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप	

नोटः- मालपोत कर तिर्न बक्यौता रहेको हकमा सुरुको वर्ष जरिवाना स्वरुप पहिलो वर्ष २०% र हरेक प्रति वर्ष थप ५% का दरले जरिवाना समेत जोडी मालपोत कर लिइनेछ ।

अनुसूची-३

घर जग्गा बहाल कर

घर जग्गा बहाल करको दर
नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले बहालमा दिएकोमा भाडा सम्झौता बमोजिम सम्झौता बमोजिमको वार्षिक **बहाल रकममा ५ प्रतिशतका** दरले बहाल कर लिइने छ। विद्यार्थी, महोत्सव, भेला लगायतका परिस्थितिमा बाहेक बैदेशीक, बैंक तथा वित्तिय संस्थाको हकमा कम्तिमा ६ महिनाको लागी घर बहाल कर तिर्नुपर्नेछ । वडागत रुपमा क्षेत्रगत रुपमा तपशिल बमोजिम घर जग्गा बहाल कर लिइनेछ ।

रामपुर नगरपालिका वडा नं. १								
		न्यूनतम घर बहाल रकम						कै.
		ठूलो सटर	सानो सटर / माथिल्लो तलाको सटर	पक्की घरको कोठा	कच्ची घरको कोठा	माथिल्लो तलाका कोठा		
क्र.सं.	क्षेत्रको विवरण					पक्की	कच्ची	
१	करिडोर क्षेत्र	५००	२००	५००	२००	३००	२००	
२	पन्थे क्षेत्र	४००	२००	३००	१००	२००	१००	

रामपुर नगरपालिका वडा नं. २							
क्र.सं.	क्षेत्रको विवरण	न्यूनतम घर बहाल रकम					कै
		ठूलो सटर	सानो सटर / माथिल्लो तलाको सटर	पक्की घरको कोठा	कच्ची घरको कोठा	माथिल्लो तलाका कोठा	
१	भलायटार क्षेत्र	१०००	५००	५००	२००	२००	
२	खयरबोट क्षेत्र	१०००	५००	५००	२००	२००	
रामपुर नगरपालिका वडा नं. ३							
क्र.सं.	क्षेत्रको विवरण	न्यूनतम घर बहाल रकम					कै
		ठूलो सटर	सानो सटर / माथिल्लो तलाको सटर	पक्की घरको कोठा	कच्ची घरको कोठा	माथिल्लो तलाका कोठा	
१	कृतिपुर	२०००	१०००	१०००	५००	५००	
२	रजघरा	२०००	१०००	१०००	५००	५००	
३	गण्डकीढिक	२०००	१०००	१०००	५००	५००	

रामपुर नगरपालिका वडा नं. ४							
क्र.सं.	क्षेत्रको विवरण	न्यूनतम घर बहाल रकम					कै
		ठूलो सटर	सानो सटर / माथिल्लो तलाको सटर	पक्की घरको कोठा	कच्ची घरको कोठा	माथिल्लो तलाका कोठा	
१	संगम समाज टोल क्षेत्र	२०००	१०००	१०००	५००	१०००	
२	इस्लामपुर टोल क्षेत्र	२०००	१०००	१०००	५००	१०००	
३	बाङ्गेपसल भिमसेन टोल	२०००	१०००	१०००	५००	१०००	

	क्षेत्र						
४	देविस्थान टोल क्षेत्र	२०००	१०००	१०००	५००	१०००	
५	गोदाम चौपारी टोल क्षेत्र	२०००	१०००	१०००	५००	१०००	
६	जनहित वौध विहार टोल क्षेत्र	२०००	१०००	१०००	५००	१०००	
७	व्यास वसपार्क टोल क्षेत्र	२०००	१०००	१०००	५००	१०००	

रामपुर नगरपालिका वडा नं. ५							
क्र.सं.	क्षेत्रको विवरण	न्यूनतम घर बहाल रकम					कै
		ठूलो सटर	सानो सटर / माथिल्लो तलाको सटर	पक्की घरको कोठा	कच्ची घरको कोठा	माथिल्लो तलाका कोठा	
१	बेझाड बजार भुलादी चोकदेखी पूर्व नहर पुल चोक सम्म	१००००	५०००	१०००	५००	१०००	
२	बेझाड बजार देखि दक्षिणमा कृषि विकास बैंकको पुरानो भवन सम्म	१००००	५०००	१०००	५००	१०००	
३	नहरपुलचोक देखी बाङ्गेपसल सम्म	५०००	३०००	१०००	५००	१०००	
४	प्रहरी विट देखि भित्रि मो.बा.का घरहरु	५०००	३०००	१०००	५००	१०००	
५	कृषि विकास भवन देखि दक्षिण	५०००	३०००	१०००	५००	१०००	

	नहरसम्म मालपोत लाईन समेत						
६	भुलादी कल्भर्ट देखि पश्चिम रामपुर सहकारी भवन सम्म	५०००	३०००	१०००	५००	१०००	
७	नहरपुलदेखि दक्षिण तर्फ श्रीनगर होटेल सम्म	३०००	२०००	१०००	५००	१०००	
८	बसपार्क क्षेत्र	३०००	२०००	१०००	५००	१०००	
९	रामपुर न.पा. ५ भित्र अन्य बाँकी सम्पूर्ण मो.बा. दायाँबायाँ क्षेत्रहरु	२०००	१०००	१०००	५००	१०००	

रामपुर नगरपालिका वडा नं. ६

क्र.सं.	क्षेत्रको विवरण	न्यूनतम घर बहाल रकम					कै
		ठूलो सटर	सानो सटर / माथिल्लो तलाको सटर	पक्की घरको कोठा	कच्ची घरको कोठा	माथिल्लो तलाका कोठा	
१	कालीआँप देखि बुद्धपार्क सम्म	५०००	२०००	२०००	१०००	१०००	
२	बिजयपुर बजार	५०००	२०००	२०००	१०००	१०००	
३	तालपोखरा देखी डल्लेचौपारी सम्म	२०००	१०००	१०००	५००	५००	

रामपुर नगरपालिका वडा नं. ७

		न्यूनतम घर बहाल रकम	

क्र.सं.	क्षेत्रको विवरण	ठूलो सटर	सानो सटर / माथिल्लो तलाको सटर	पक्की घरको कोठा	कच्ची घरको कोठा	माथिल्लो तलाका कोठा	कै
१	किसानबारी बजार क्षेत्र	३५००	१५००	२५००	८००	१०००	
२	अन्य ठाँउहरु	२५००	१०००	१०००	८००	१०००	
रामपुर नगरपालिका वडा नं. ८							
क्र.सं.	क्षेत्रको विवरण	न्यूनतम घर बहाल रकम					कै
		ठूलो सटर	सानो सटर / माथिल्लो तलाको सटर	पक्की घरको कोठा	कच्ची घरको कोठा	माथिल्लो तलाका कोठा	
१	एक्लेटार बजार	२०००	१०००	१०००	५००	५००	
२	रातामाटा बजार	२०००	१०००	१०००	५००	५००	
३	बराटार बजार	१०००	८००	८००	५००	५००	
४	आँपचौर बजार	१५००	१०००	८००	५००	५००	
५	भुजात निसर्दी बजार	१५००	८००	८००	५००	५००	
६	अन्य ठाँउ	१०००	७००	६००	५००	५००	
रामपुर नगरपालिका वडा नं. ९							
क्र.सं.	क्षेत्रको विवरण	न्यूनतम घर बहाल रकम					कै
		ठूलो सटर	सानो सटर / माथिल्लो तलाको सटर	पक्की घरको कोठा	कच्ची घरको कोठा	माथिल्लो तलाका कोठा	
१	वरभञ्याङ्ग देखी प्रहरी चौकी सम्म	२०००	१२००	१५००	८००	१०००	

२	प्रहरी चौकी देखी ठाँटी भञ्याङ्ग	२५००	१५००	१५००	५००	१५००	
३	अर्मसीङ बजार क्षेत्र	२५००	१५००	१५००	८००	१०००	
४	स्याफट देउराली बजार	२०००	१२००	१०००	५००	१०००	
रामपुर नगरपालिका वडा नं. १०							
क्र.सं.	क्षेत्रको विवरण	न्यूनतम घर बहाल रकम					कै
		ठूलो सटर	सानो सटर / माथिल्लो तलाको सटर	पक्की घरको कोठा	कच्ची घरको कोठा	माथिल्लो तलाका कोठा	
१	बर्दले बजार	३०००	२०००	१०००	६००	९००	
२	रामटार बजार	२५००	१५००	८००	५००	८००	
३	अन्य भित्री क्षेत्र	१५००	१०००	६००	५००	६००	

अनुसूची ४
(ऐनको दफा ५ को उपदफा(३) संग सम्बन्धित)

व्यवसाय इजाजत दर्ता दस्तुरको दर

क्र.स.	व्यबसायको किसिम	दस्तुर रकम रु.	कैफियत
१.	व्यवसाय दर्ता शुल्क		
क)	रु. ५ लाख सम्मको चालू पँजी भएको	१२५०	
ख)	रु. ५ लाख १ रुपैया देखि १०लाखसम्म चालू पँजी भएको	१५००	
ग)	रु. १० लाख १ रुपैया देखि २० लाखसम्म चालू पँजी भएको	२०००	
घ)	रु. २० लाख १ रुपैया देखि ५० लाखसम्मको चालू पँजी भएको	२५००	

ङ)	रु. ५० लाख १ रुपैया देखि १ करोड सम्मको चालू पँजी भएको	३०००	
च)	रु. १करोड १ रुपैया देखि माथी चालू पँजी भएको	४०००	

अनुसूची-५

(ऐनको दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

व्यवसाय कर

नगरपालिकाबाट आ.व. २०८२/०८३ असार मसान्त सम्म मान्य हुने गरी व्यवसाय कर लिई दर्ता गरिनेछ । यस आ.व. भन्दा अगाडी दर्ता गरिएका व्यवसायको वार्षिक व्यवसाय कर लिइनेछ ।

क्र.स.	सेवाको विवरण	करका दर	कैफियत
१	**व्यापारिक बस्तु**		
१.१	**कपडा पसल/जुत्ता पसल**		
क.	सिरक डसना, खोल, साना पसल आदि	२०००	
ख.	सिरक डसना, खोल, कार्पेट ठुला पसल आदि	३५००	
ग.	छालाको जुत्ता पसल(स्वदेशी)	१५००	
घ	जुत्ता सोरुम स्वदेशी तथा विदेशी	२०००	
ङ	जुत्ता सिलाउने पसल	१०००	
१.२	**किराना पसल र प्रोभिजन पसल**		
क.	साना किराना पसल/टंकी व्यवसाय	७००	
ख.	किराना पसल ग्रामीण	७५०	
ग.	किराना पसल सुगम	१२५०	
घ	थोक खुद्रा किराना पसल	१५००	
ङ	प्रोभिजन पसल (पिय पदार्थ पसल)	२०००	
छ	दैनिक सबै उपभोग्य वस्तुको थोक बिक्री(ग्यास,किराना	२५००	

	आदी)		
ज	चटपटे पसल	२०००	
झ	चटपटे पसल (ठेला, साईकल)	१०००	
१.३	**फेन्सी पसल**		
क	साधारण(काचो कपडा)	१५००	
ख.	विदेशी सामान सहित	२०००	
ग.	कुर्ता सलवार बिक्री समेत	२०००	
घ	जुत्ता चप्पल, झोला कस्मेटिक्स सहित	२५००	
ङ	फेन्सी झोला समेत	२५००	
च	कस्मेटिक्स पसल मात्र	१५००	
१.४	**हजाम तथा व्यूटीपार्लर**		
क	२ सिट सम्म हजाम	९००	
ख.	४ सिट सम्म हजाम	१४००	
ग.	४ सिट भन्दा माथि हजाम	२०००	
घ	व्यूटी पार्लर मात्र	१६००	
ङ.	व्यूटीपार्लर समेत अन्य सृङ्गार सामान र यन्त्र तथा अन्य सामान बिक्री साथै तालिम समेत	३०००	
१.५	**गहना पसल**		
क.	२० लाख भन्दा कम	४५००	
ख.	२० लाख भन्दा माथि	६५००	
१.६	**भाडा पसल**		
क	२० लाख भन्दा कम	२५००	
ख.	२० लाख भन्दा माथि	३५००	
ग.	प्लाष्टिक भाडा पसल	२०००	
१.७	**सिलाइ /टेलरिङ्ग पसल**		
क	२ कल सम्म ग्रामीण वडा	७००	

ख	२ कल सम्म सुगम वडा	७५०	
ग	३ देखि ५ कल सम्म	१०००	
घ	५ कल देखि माथि	१२५०	
ङ	सिलाइ तथा कपडा बिक्री २ कलसम्म	२०००	
छ	सिलाइ तथा कपडा बिक्री ३ कल देखि माथि	२५००	
ज	धागो, टांक, सिलाई सामाग्री पसल	१०००	
१.८	**इलेक्ट्रोनिक सामान बिक्री**		
क.	इलेक्ट्रोनिक सामान थोक बिक्री/डिलर	४०००	
ख.	इलेक्ट्रोनिक सामान खुद्रा बिक्री	२५००	
ग.	मोबाइल मर्मत	१५००	
घ.	मोबाइल बिक्री	२५००	
ङ.	मोबाइल, घडी पसल	३०००	
च.	मोबाइल, घडी र चस्मा पसल	४०००	
छ.	मोबाइल बिक्री तथा मर्मत	३५००	
ज.	घडी बिक्री तथा मर्मत	१०००	
झ.	कम्प्यूटर तथा कम्प्यूटर सामान बिक्री तथा मर्मत र सिकाइ केन्द्र	५०००	
ञ.	कम्प्यूटर सप्टवेयर तयार गर्ने कम्पनी	७५००	
ट.	कम्प्युटर, मोबाइल, ल्यापटप विक्रि तथा मर्मत	५०००	
१.९	**विद्यूत सामान बिक्री पसल/ईलेक्ट्रिकल पसल**		
क.	थोक बिक्री गर्ने	१८००	
ख.	खुद्रा बिक्री गर्ने	१५००	
ग.	थोक खुद्रा बिक्री गर्ने	२०००	
१.१०	**फलफुल तरकारीमा**		
क	थोक/आपुर्तिकर्ता	१५००	
ख.	दर्ता नभएकाको हकमा प्रति पटक	२००	

	(तरकारी/फलफुल/अण्डा)		
ग.	खुद्रा बिक्री	१०००	
घ	खुद्रा बिक्री किराना समेत	१५००	
ङ	फलफुल तथा जुस पसल	१०००	
१.११	**फोटो ग्राफर/फोटो व्यवसाय**		
क	फोटो खिच्नेमात्र (स्टूडियो)	१२५०	
ख	फोटो खिच्ने र अन्य गिप्टका सामान बिक्री	२०००	
ग.	फोटो फ्रेम, सिसा, पोष्टर, पोष्टकार्ड आदि	२२५०	
घ	भिडियो तथा फोटो खिच्ने	२५००	
ङ	भिडियो तथा फोटो र फोटो फ्रेम, सिसा, पोष्टर, पोष्टकार्ड आदि	३०००	
च.	कलर ल्याब	२५००	
१.१२	**पुस्तक पसल तथा स्टेशनरी**		
क	किताव कपी/पत्रपत्रिका बिक्री	१५००	
ख	स्टशनरी तथा खेलकुद सामान	२५००	
ग	खेलकुद सामाग्री/जीम तथा अन्य (Sport Shop)	२७००	
१.१३	**माछा मासु पसल**		
क	खसीको मासु मात्र बिक्री	१५००	
ख	कुखुराको मासु मात्र बिक्री	१५००	
ग	बंगुरको मासु मात्र बिक्री	१५००	
घ	रागा/भैसीको मासु मात्र बिक्री	१५००	
ङ	माछा मात्र	१५००	
च	सबै माछा मासु बिक्री गर्ने	२२००	
१.१४	**फर्निचर सोरुम**		
क	सोरुम(स्टील/फर्नीचर/आलमोनियम)	२५००	
ख	आल्मूनियम फर्निचर विक्रेता	२०००	

ग.	प्लाष्टिक फर्निचर, कार्पेट, अन्य सजावट सामान विक्रेता	२६००	
१.१५	**काष्ठ व्यवसाय**		
क	स मिल काठ चिर्ने	५०००	
ख	काठ चिरान गरी खरिद बिक्री	२०००	
ग	काठ चिरान गरी खरिद बिक्रीका साथै फर्निचर उत्पादन	४०००	
१.१६	**मोटर पार्टर्स**		
क	थोक बिक्री गर्ने	३०००	
ख	खुद्रा बिक्री गर्ने	२५००	
ग	कृषि यान्त्रिक उपकरण	२५००	
घ	कृषि उपकरण सामान्य मर्मत	१०००	
१.१७	**सवारी साधन बिक्री**		
क.	लाइट गाडी सो रुम तथा बिक्री	७५००	
ख.	हेभि गाडी सो रुम तथा बिक्री	१००००	
ग.	मोटरसाइकल स्कुटी सो रुम	६०००	
घ.	मोटरसाइकल सो रुम तथा वर्कसप	६५००	
	मोटरसाइकल वर्कशप	३०००	
ङ.	रिकन्डीसन मोटर साइकल सो रुम	३०००	
च.	लाईट गाडी मर्मत	५०००	
छ.	गाडी चार्जिङ्ग स्टेसन		
	२ वटा	२०००	
	३ देखि माथि	३५००	
ज.	विद्युतीय सवारी साधन बिक्री सोरुम	७०००	
झ.	साइकल बिक्री	२०००	
ञ.	साइकल भाडामा खेलाउने	१०००	
ट.	गाडी धुलाई	२५००	
ठ.	गाडीको पट्टा मात्र मर्मत	५०००	

१.१८	**हार्डवेयर सामान पसल**		
क.	हार्डवेयर खूद्रा बिक्री गर्ने	३०००	
ख.	हार्डवेयर थोक बिक्री गर्ने	४५००	
ग.	हार्डवेयर लगायत उल्लेखित सबै सामान कलर सहित प्लम्बिङ सामान समेत(हार्डवेयर सप्लायर्स पसल)	६०००	
घ	कलर मात्र	२५००	
ङ.	मार्वल, चिप्स, टायल आदि	३०००	
च.	सिसा तथा प्लाइउड सामान	३५००	
छ	गिट्टी, वालुवा, ढुङ्गा, इट्टा सप्लायर्स मुख्य बजार क्षेत्र भित्र	१२५००	
ज.	गिट्टी, वालुवा, ढुङ्गा, इट्टा सप्लायर्स मुख्य बजार क्षेत्र भन्दा बाहीर	६५००	
झ	सामग्री वसारपसार(Traders & Suppliers)	२५००	
१.१९	**श्रृङ्गार तथा उपहार सामान**		
क	थोक बिक्री	२०००	
ख	खुद्रा बिक्री	१०००	
ग	खेलौना उपहार गिफ्ट पसल	१५००	
१.२०	**मदिरा तथा पेय पद्धार्थ पसल**		
क.	खूद्रा बिक्री पसल मदिरा	५०००	
ख.	मदिरा थोक पसल	७५००	
ग.	मदिरा थोक/खूद्रा/पेय पसल	१००००	
घ	पेय पदार्थ (मदिरा बाहेक)	१५००	
१.२१	**आयल निगम/पेट्रोल पम्प**		
क.	२ वटा पम्प सम्म	१००००	
	३ भन्दा बढी पम्प	१५०००	
ख.	मट्टितेल डिपो	१५००	
१.२२	**साउण्ड सिस्टम भाडा तथा बिक्री साथै टेण्ट हाउस**	२५००	

१.२३	**सौर्य उर्जा तथा सोलार**	३५००	
१.२४	**उनि धागो विक्रेता**	१२००	
१.२५	**बायो उर्जा**	१५००	
१.२६	**पुजा सामाग्री पसल**	२०००	
१.२७	**ज्योतिष शास्त्र**	२५००	
१.२८	**चस्मा बिक्री तथा मर्मत**	२५००	
१.२९	**पशु आहारा**		
क	पशु औषधि (भेट)	२०००	
ख	कृषि विषादी तथा उपकरण	२५००	
ग	तरकारी, फलफुल तथा बाली वीउविजन	२०००	
घ	एग्रोभट (औषधि, विषादी, वीउजिन, कृषि सामाग्री समेत)	४०००	
ङ	नर्सरी	१५००	
१.३०	**पर्यटन सामान बिक्री(ह्याण्डीक्राफ्ट)**	२०००	
१.३१	**फायर सेफ्टी सर्भिस**	१५००	
२	**मर्मत संभार सेवा**		
क	हावा भर्ने पन्चर टाल्ने	१०००	
ख	हेभि मोटर गाडी वोडी मर्मत	४०००	
ग	हलुका मोटर गाडी वोडी मर्मत	३०००	
घ	लुगा सिलाउने मेशिन मर्मत	७००	
ङ	स्टोभ, छाता, प्रेसर कुकर, ग्यास चुल्हो मर्मत	१०००	
च	रेफ्रिजेरेटर, हिटर, पंखा टान्सफर्मर तथा अन्य इलेक्ट्रोनिक सामानहरु मर्मत	१५००	
छ	सवारी साधन कन्ट्रयाक्टर सेवा	१०००	
ज	स्टिकर हाउस	२०००	
३	**विषेशज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा**		
क	**इन्जिनियरिङ कन्सल्टेन्सीमा**		

	१. इन्जिनियर	३५००	
	२. प्रोपाईटर सिप फर्म	३५००	
	३. साझेदारी सिप फर्म	३०००	
ख	**कानुनी सेवा व्यवसायमा**		
	१. लेखापढी व्यवसाय	१५००	
	२. अभिबक्ता कानुन व्यवसाय	२५००	
	३. अधिबक्ता कानुन व्यवसाय	३०००	
ग.	**लेखा परीक्षक**		
	क. श्रेणीको अडिटरमा	६०००	
	ख. श्रेणीको अडिटरमा	४०००	
	ग र घ श्रेणीको अडिटर	३०००	
घ	**विमा एजेन्ट**	२०००	
ङ	**सर्भेयर**	३०००	
च	**अनुवादक (नोटरी पब्लिक)**	१५००	
छ	**सबै प्रकारको कन्सलटेन्सी**	६०००	
ज	**वेभ साइट र प्रोग्रामर डिजाइनर**	३०००	
झ	**सामान ढुवानी ट्रान्सपोर्ट व्यवसाय**	३०००	
ञ	**कपडा धुलाइ**		
	क. साधारण	१०००	
	ख. लाउण्ड्री सेवा	१२५०	
	ग. ड्राईक्लिनर	२०००	
ट	**साइनवोर्ड लेख्ने**		
	क. साइनवोर्ड ब्लक र चित्र बनाउने	१२५०	
	ख. कपडामा व्यानर बनाउने	१२५०	
	ग. प्लाष्टिक तुल व्यानर बनाउने (फ्लेक्स बोर्ड)	२५००	
ठ	**पार्टी प्यालेस र क्याटरिङ**	५०००	

	क्याटरिङ मात्र	२५००	
४	**अन्य सेवा**		
क	बैदेशिक रोजगार सेवा	१२५००	
ख	हाउजिङ्ग घर जग्गा खरिद बिक्री	१००००	
ग	किचन डेकोरेसन/मोडुलर किचन	५०००	
घ	स्यानीटरी सामान बाथरुम फिटिङ्ग सम्बन्धी व्यवसाय	२५००	
५	**डिपार्टमेन्टल/सुपर मार्केट/बिजनेस मार्ट लगायत सम्पूर्ण मार्ट**	१००००	
६	**पान पसल**	५००	
७	**पानी प्रशोधन कम्पनी**	६०००	
८	**उद्योग व्यवसाय**		
क	**उत्पादनमुलक उद्योग**		
	रु ५ लाख सम्म	२५००	
	रु. ५ लाख १ रुपैया देखि १० लाखसम्मको चालू पुँजी भएको	३०००	
	रु. १० लाख १ रुपैया देखि २० लाखसम्मको चालू पुँजी भएको	४०००	
	रु. २० लाख १ रुपैया देखि ५० लाखसम्मको पुँजी भएको	७५००	
	रु ५० लाख १ रुपैया भन्दामाथि चालू पँजी भएको	१००००	
	आईस्क्रीम उद्योग/कुल्फी उद्योग	१५००	
ख	**कृषि तथा वन जन्य उद्योग व्यवसायमा**		
	रु. ५ लाख सम्मको चालू पँजी भएको	१२५०	
	रु. ५ लाख १ रुपैया देखि१० लाखसम्म चालू पँजी भएको	१५००	
	रु. १० लाख १ रुपैया देखि २० लाखसम्म चालू पँजी भएको	२०००	
	रु. २० लाख १ रुपैया देखि ५० लाखसम्मको चालू	२५००	

	पँजी भएको		
	रु. ५० लाख १ रुपैया देखि माथि चालू पँजी भएको	३५००	
	पोल्ट्री फर्म		
	१५०० सम्म चल्ला भएको	७५०	
	१५०१ देखि ३००० सम्म चल्ला भएको	१०००	
	३००० देखि माथि	१२५०	
	मौरीपालन व्यवसाय ५ लाखसम्म चालू पँजी भएको	१२५०	
	मौरीपालन व्यवसाय ५ लाख १ रुपैया देखि माथि चालू पँजी भएको	२०००	
	कृषि तथा पशुपन्छीं फर्म दर्ता तथा नविकरण	५००	
	५ रोपनी जग्गा भएको सम्म	२५००	
	माछापालन व्यवसाय ५ रोपनी भन्दा माथि जग्गा भएको	३५००	
	पेट सप	२०००	
ग	**पर्यटन उद्योग**		
	तारे होटल		
	एकतारे होटल	८०००	
	दुई तारे होटल	१५०००	
	तीन तारे होटल	२००००	
	चारे तारे होटल	२५०००	
	पाँच तारे होटल	३००००	
	विलियार्ड, स्नूकर, पुल, स्केटिङ्ग	५०००	
	जिम हाउस/हेल्थ क्लव	२०००	
	योगा	१०००	
	फुटसल व्यवसायी	५०००	

	VR गेमीङ्ग सेन्टर	५०००	
	सम्बन्धित निकायबाट अनुमति लिइ ड्रोन चलाएको	३०००	
घ	**टेकिङ, ट्राभल एजेन्सी, टिकट रिजर्भेसन**	२५००	
ङ	**पाराग्लाइडिङ**	३०००	
च	**होटल, लज, गेष्ट हाउस**		
	नियमित खाना (होम स्टे समेत)	१५००	
	१ बेड देखि १५ सम्मको लाई	३०००	
	१६ बेड देखि २५ सम्मको लाई	५०००	
	सो भन्दा माथिको	७५००	
छ	**रेष्टूरेण्ट आदि व्यवसाय**		
	साधारण चिया पसल ग्रामीण	५००	
	फास्टफूड रेष्टूरेण्ट तथा साधारण चिया पसल	१५००	
	शाकाहारी रेष्टुरेण्ट मिठाई पसल समेत	१२००	
	मांशाहारी तथा मदिरा समेत	२०००	
	फुड ट्रक वा क्लाउड किचन, मोबाइल फुड स्टल	२०००	
९	**सेवा उद्योग**		
क	छापाखाना, मूद्रणालय	१५००	
ख	चलचित्र व्यवसाय	३५००	
ग	चलचित्र/श्रव्यदृश्य उत्पादन Production House	३०००	
घ	सीत भण्डार (कोल्ड स्टोरेज)	६५००	
ङ	कुटानी पिसानी तर्फ		
	क. कुटानी पिसानी पेलानी मध्ये एक काम गर्ने	१०००	
	ख. कुटानी पिसानी	१५००	
	ग. कुटानी पिसानी पेलानी	२०००	
१०	**सुचना तथा संचार सेवा**		
क	**पत्र पत्रिका प्रकाशन**	१५००	

	क. दैनिक	१२५०	
	ख. पाक्षिक	१०००	
	ग. मासिक	७५०	
	घ. त्रैमासिक	७५०	
	ङ. अर्धवार्षिक	७५०	
	च. वार्षिक	७५०	
ख	**टेलिफोन सेवा प्रति टावर (एनटिसी, यूटिएल, एनसेल, स्मार्टसेल र अन्य आदि)**	१४०००	
ग	**एफ.एम. रेडियो**	२०००	
घ	**अन्य टावर टेलिफोन बाहेक एफ.एम. समेतको**	२५००	
ङ	**अन्य सेवा**		
१	फोटोकपी	१५००	
२	लोकल, राष्ट्रिय, अन्तर्राष्ट्रिय फोन सेवा, फ्याक्स, साइवर	१५००	
३	इन्टरनेट सेवा मात्र वितरण	१२५००	
४	इन्टरनट र टि.भि. सेवा वितरण	१५०००	
५	ग्राफिक डिजाइन तथा कम्प्यूटर टाईपिङ	१५००	
६	कुरियर्स तथा एक्सेप्रेस डेलिभरी National and International	१५००	
७	विज्ञापन एजेन्सी व्यवसाय	१५००	
८	टेलिभिजन सेवा	५०००	
९	अनलाईन सामाग्री बिक्री पसल	२०००	
११	**वित्तीय सेवा नेपाल सरकारको स्वामित्व बाहेक (सूचिकृत दर)**		
क.	बाणिज्य बैंक मुख्य कार्यालय	३००००	
ख.	बाणिज्य बैंक शाखा	१२५००	
ग.	विकास बैंक केन्द्रीय कार्यालय	१५०००	
घ	विकास बैंक शाखा तथा फाइनान्स कम्पनी	१००००	

ङ.	बैंकको एक्स्टेन्सन काउण्टर	५०००	
च	मनी ट्रान्सफर रेमिट्यान्स	५०००	
छ	सटही काउन्टर	५००	
ज	सहकारी बैंक तथा लघुवित्त संस्था सूचिकरण	४०००	
झ	बचत तथा ऋण सहकारी संस्था		
	१ करोड सम्म वार्षिक कारोबार गर्ने	५०००	
	३ करोड सम्म कारोबार गर्ने	७५००	
	३ करोड भन्दा माथि कारोबार गर्ने	१००००	
	दुग्धजन्य सहकारी (५० प्रतिशत छुट)		
	कृषि/पशूजन्य सहकारी (५० प्रतिशत छुट)		
झ	विमा कम्पनी	७५००	
१२	**स्वास्थ्य सेवा**		
क.	सामुदायिक अस्पताल	२००००	
ख	निजी अस्पताल	३००००	
ग	अस्पताल मेडिकल कलेज समेत	३५०००	
घ	सर्जिकल सामाग्री बिक्री	३०००	
ङ	सर्जिकल सामान सहित मेडिकल	८०००	
च	नर्सिङ होम	१२५००	
छ	डेन्टल/क्लिनिक	४०००	
ज	मेडिकल थोक विक्रेता	५०००	
झ	मेडिकल /फार्मेसी खुद्रा	३०००	
ज	मेडिकल क्लिनिक सहित	५०००	
झ	प्राकृतिक चिकित्सा केन्द्र/अकुपन्चर	३०००	
ञ	आयुर्वेदिक औषधि पसल	२५००	
ट	जडीबुटि तथा हर्वल सामाग्री खरिद बिक्री	२०००	
ठ	एक्सरे तथा प्याथालोजीक, ल्याब सहितको क्लिनिक	६०००	

ङ	आइकेयर सेन्टर	२५००	
ढ	पोलिक्लिमिक	६५००	
ण	चस्मा मर्मत तथा बिक्री गर्ने	३०००	
१३	**शिक्षा सेवा**		
क	ड्राईभिङ इन्स्टीच्युट	५०००	
ख	कोचिङ सेन्टर, कम्प्यूटर सिकाउने	५०००	
ग	विदेशी भाषा कक्षा संचालन	६०००	
	निजी विद्यालय		
क	पुर्व प्राथमिक/मन्टेश्वरी	५०००	
ख	आधारभुत तह	५३००	
घ	मा.वि.स्तरको	५५००	
ङ	निजी क्याम्पस तथा प्राविधिक शिक्षालय	६०००	
च	थप कक्षा सिफारिस	१०००	
छ	होस्टेल १० जना सम्म विद्यार्थी भएको	३५००	
ज	होस्टेल १० जना भन्दा माथि	५०००	
	तालिम तथा अनूसन्धान		
क	संगीत, डान्स, कला केन्द्र	२५००	
ख	मोबाइल रेडियो मर्मत तालिम केन्द्र	२५००	
ग	विविध तालिम सेवा केन्द्र	३०००	
१४	**निर्माण व्यवसायी**		
क.	**ठेकेदार**		
	क. श्रेणीको ठेकेदार	२००००	
	ख. श्रेणीको ठेकेदार	१७५००	
	ग. श्रेणीको ठेकेदार	१५०००	
	घ. श्रेणीको ठेकेदार("घ" वर्ग)	१००००	
	"घ" वर्ग नामसारी	१००००	

	"घ" वर्ग नविकरण	६६००	
	"घ" वर्ग जरिवाना	६६००*कति वर्ष=?	
	प्रमाण पत्र प्रतिलिपी	१०००	
	"घ" वर्ग नयाँ दर्ता फारम/नविकरण फारम	१००	
	ठाउँ सारी/ ठाउँ सारी दर्ता	६६००	
	"घ" वर्ग हकवाला नामसारी	१५००	
	निजी ठेकेदार लेवर कन्ट्रयाक्टर घर निर्माणकर्मी	५०००	
	नोटः नगर क्षेत्र भित्र काम गर्ने अन्यत्र दर्ता भएका ठेकेदारहरुले न.पा.मा सुचीकृत हुनु पर्ने र सूचीकृतको लागि माथि उल्लेखित दरको ७० प्रतिशत शुल्क लिने		
१५	**डिलर**		
क	चुरोट/सुर्तीजन्य, रिचार्ज कार्ड	६५००	
ख	हल्का पेय पदार्थ(कोक, फेन्टा लगायत)	४०००	
घ	ग्याँस	२५००	
ङ	सिमेन्ट	७५००	
१६	**अन्य**		
क	पौडी पोखरी	२५००	
ख	मिक्स्चर तथा भाईब्रेटर	३०००	
घ	च्याउ व्यवसाय	९००	
ङ	साना डेरी पसल	१०००	
च	घुम्ति कपडा पसल पोके व्यापारी(मासिक)	२०००	
छ	घुम्ति पलास्टिक भाडा पोके व्यापारी(मासिक)	२०००	
ज	घुम्ति पसल माछा व्यापारी(मासिक)	२०००	
झ	मैन बत्ति उद्योग	६००	
ञ	नृत्य तथा संगित कला केन्द्र	१२००	
ट	ट्याटु सेन्टर	१५००	

ठ	इट्टा भट्टा	१५०००	
ड	क्रसर उद्योग	२००००	
ढ	गट्टी ढुङ्गा बालुवा प्रसोधन केन्द्र	१५०००	
१७	**ग्रिल उद्योग**		
क	१५ लाख भन्दा कम	२५००	
ख	१५ लाख भन्दा बढी	४०००	
घ	ट्रस वेल्डिङ्ग, आल्मुनियम फ्रेम सम्बन्धी उद्योग	५०००	
ङ	प्लम्बीङ्ग पसल सेवा	२१००	
च	ह्यूमपाइप उद्योग	५०००	
छ	व्लक उद्योग	३०००	
ज	कापी उद्योग	२५००	
झ	फ्रेम हाउस	२०००	
ञ	मैदा बाट उत्पादन हूने उद्योग(चाउमिन,झिलिङ्गा आदी)	३५००	
ट	**अनधिकृत बस्तु तथा सामाग्रीहरु राखेमा जरिवाना**		
ठ	निर्माण सामाग्री	५०००	
ड	अन्य सामाग्री	१०००	
ढ	आरन व्यवसाय	६००	
१८	**जग्गा व्यवसाय**		
क	जग्गा व्यवसाय रजिष्ट्रेशन	१५००	
ख	जग्गा व्यवसाय कर	८०००	
ग	पेन्टीङ व्यवसाय	१५००	
घ	Contractor vehicles services	१०००	
१९	**खाद्य व्यवसाय**		
क	दुध डेरी	७००	
ख	खुदो पसल	७५०	
ग	पाउरोटी उद्योग	२०००	

२०	**कृषि तथा पशु पन्छी सम्बन्धी**		
क	कृषि तथा पशु समूह दर्ता	१०००	
ख	रसायनीक मल बिक्रेता फर्म दर्ता	१०००	
	पेशागत सूचिकरण		
२१	लेखा परीक्षक सूचिकृत दस्तुर	३०००	
२२	CA सूचिकृत दस्तुर	५०००	
२३	लेखापढी सूचिकृत दस्तुर	१०००	
२४	डाक्टर सूचिकृत दस्तुर	३०००	
२५	डाक्टर (स्पेसलिष्ट) सूचिकृत दस्तुर	३५००	
२६	वकिल सूचिकृत दस्तुर	२५००	
२७	कामदार सुचीकरण शुल्क		
क)	दक्ष कामदार	५००	
ख)	अर्ध दक्ष कामदार	२००	
ग)	अदक्ष कामदार	१५०	
घ)	अगुवा मदजुर(पेटी ठेकेदार)	३०००	
२८	मौजूदा सूचीमा सूचीकृत शुल्क	५००	
२९	संघ संस्था दर्ता		
क)	खानेपानी मुल दर्ता	१०००	
ख)	निजी वन दर्ता		
	९ रोपनी सम्म	५०००	
	१० देखि ५० रोपनी सम्म	१५०००	
	५० देखि १५० रोपनी सम्म	२००००	
	१५० रोपनी भन्दा माथि	३००००	
	निजी वन नविकरण शुल्क भुमिकर तिरे पछि स्वतः नविकरण र आम्दानीको १०% आयकर लाग्ने छ।		
ग	आमा समूह/ युवा क्लब/ समाज/ अपाङ्गता समाज	५००	

घ	टोल बिकास संस्था	५००	
३०	**सप्लायर्स तर्फ**		
क	ढुङ्गा सप्लायर्स	८०००	
ख	कपडा सप्लायर्स	५०००	
ग	मेडिकल सप्लायर्स	७०००	
घ	इलेक्ट्रोनिक सप्लायर्स	६०००	
ङ	स्टेशनरी सप्लायर्स	३०००	
च	अन्य सप्लायर्स	३०००	
३१	**डेकोरेशन**		
क	होम डेकोरेशन	१००००	
ख	किचन डेकोरेशन	८०००	
ग	अन्य डेकोरेशन	५०००	
३२	**अनलाइन सपिङ्ग**	३०००	
३३	**टेडर्स**	८०००	
३४	**कृषि, फलफुल तथा तरकारी, बिरुवा घाँस घुमन्ते व्यापारी**		
क	**१ दिन देखी ७ दिनसम्म**	१०००	
ख	**८ दिन देखी १ महिना**	२०००	
ग	**स्थानीय उत्पादित सामाग्रीको हकमा क र ख को दररेटमा ५० प्रतिशत छुट**		
६८ वर्ष माथिका जेष्ठ नागरिकहरूको लागि Blood Sugar F, PP, R मा ५०% छुट गरिनेछ। सेवा लिन को लागि नेपाली नागरिकता वा जेष्ठ नागरिक परिचय पत्र अनिवार्य पेश गर्नु पर्ने छ।			

अन्य माथिका वर्गीकरणमा नपरेका व्यवसायहरु लगानीको आधारमा			
क	रु. ५ लाख सम्मको चालू पँजी भएको	३२५०	
ख	रु. ५ लाख १ रुपैया देखि १० लाखसम्म चालू पँजी भएको	४५००	
ग	रु. १० लाख १ रुपैया देखि २० लाखसम्म चालू पँजी भएको	६०००	
घ	रु. २० लाख १ रुपैया देखि ५० लाखसम्मको चालू पँजी भएको	७५००	
ङ	रु. ५० लाख१ रुपैया देखि १ करोडसम्मको चालू पँजी भएको	१००००	
च	रु. १ करोड १ रुपैया देखि माथि चालू पँजी भएको	१५०००	
स्थानीय स्तरमा संचालित १० जना भन्दा माथिको रोजगारी दिने र महिला उद्यमीद्धारा संचालित उत्पादन मुलक व्यवसाय दर्तामा लाग्ने रकम छुट हुने व्यवस्था गरिएको छ ।			

<u>व्यवसाय करको जरिवाना तथा छुटको व्यवस्था</u>

१. आर्थिक वर्ष २०८२/८३ को कर सोही वर्षको पुष मसान्त भित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट दिइने छ।

२. बक्यौता कर भुक्तानी गर्दा देहाय अनुसार जरिवाना लाग्नेछ।

क. एक वर्षको बक्यौतामा सोको २०% ले हुन आउने रकम।

ख. एक वर्ष भन्दा बढीको बक्यौतामा प्रति बर्ष ३०% ले हुन आउने रकम।

३. व्यवसाय कर बक्यौता राख्ने करदातालाई नगरपालिकले उपलब्ध गराउँदै आएको आकस्मिक बाहेकका अन्य सेवा र सुविधा बन्द गरिनेछ।

४. व्यवसाय कर चुक्ता भएको प्रमाण पेस नगरेसम्म नगरपालिकाबाट नयाँ तथा सुविधाहरु उपलब्ध गराइने छैन।

५. अन्यत्र दर्ता भएको कम्पनी वा संस्थाले शाखा विस्तार कार्यालय दर्ताको अनुमती शुल्क तोकीएको व्यवसाय यस कार्यालयमा दर्ता गर्दा लाग्ने शुल्कमा ५० प्रतिशतले हुन आउने रकम शुल्क लाग्नेछ ।

अनुसूची ६

(ऐनको दफा ६ को उपदफा(१) संग सम्बन्धित)

जडीबुटी, कवाडी, जीवजन्तु करको दर

क्र. सं	करको किसिम	करको दर	कैफियत
क्र. सं	करको किसिम	करको दर	कैफियत
क)	ऊन, खोटो, जडीबुटी, वनकस		
१	ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी.	०।१०	
२	खोटो प्रति के.जी.	०।५०	
३	जडीबुटीहरु (प्रति के. जी.)	०।४०	
४	बनकस (खर), बाबियो, मलहन पत्ता, छवाली, पराल, वगास, निगालो, लोकता, पटेर,अम्लिसो (कुच्चो), साइलेज प्रति ट्रक/ट्याक्टर	१००/५०	
ख)	कवाडी मालसामान .		
१	खाली सिसी (वियर) वोतलको साइज हेरी प्रति गोटा	०।२५	
२	खाली सिसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा	०।२०	
३	खाली सिसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रति गोटा	०।०५	
४	प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किनआदि) प्रति के.जी	१।५०	
५	खाली बोराः		
